# हराएका छोराहरू

राजबाबु श्रेष्ठ सागर


हराएका छोराहरू (कवितासङ्ग्रह)

लेखक - राजबाबु श्रेष्ठ सागर


फोन नं. - ९८६११९६९६६

| | |
|---|---|
| Email | - rbshresthasagar01@gmail.com |
| प्रकाशक | - बिएन पुस्तक संसार प्रा. लि. |
| | - अद्वैतमार्ग, काठमाडौं, नेपाल |
| | - फोन नं. – ०१–४२३३८७४ |
| Email | - bnpustaksansar45@gmail.com |
| Web | - www.bnpustaksansar.com |
| संस्करण | - पहिलो, २०७७, साउन |
| आवरण | - रुद्र अधिकारी |
| सर्वाधिकार | - लेखकमा |
| मूल्य | - रु. ३५० |
| ISBN | - ९७८–९९३७–९३९२–५–६ |

*Harayaka Chhoraharu*
*A collection of poems by Rajbabu Shrestha Sagar*

समर्पण

स्वर्गीय पिता पूर्णबहादुर श्रेष्ठ, स्वर्गीय माता तेजमाया श्रेष्ठ र स्वर्गीय पत्नी मुना श्रेष्ठमा समर्पित।

**नेपाल प्रज्ञा-प्रतिष्ठान**

कमलादी, काठमाडौँ, नेपाल
फोन : ०१-४२२१२८३, ४२२१२४१, ४२२१२४२
फ्याक्स : ९७७-०१-४२२११७५, ४२४१७८६
पो.ब.नं. : २३०५८, काठमाडौँ, नेपाल
इमेल : office@nepalacademy.org.np
वेबसाइट : www.nepalacademy.org.np

पत्र संख्या
चलानी नं.

# शुभकामना

स्रष्टा राजबाबु श्रेष्ठ 'सागर' ले 'हराएका छोराहरू' शीर्षकको कविता सङ्ग्रह प्रकाशन गर्न लाग्नुभएको थाहा पाउँदा खुसी लागेको छ । वि.सं. २०५७ मा 'बन्द फ्रेमभित्रको चिठी' शीर्षकको उपन्यास प्रकाशन गरिसक्नुभएका श्रेष्ठ नयाँ विधासहित आउन लाग्नुभएको हो ।

स्रष्टाले निकै कुशल ढङ्गले कविताका विषय र शब्द चयन गर्नुभएको मैले पाएँ । शब्द चयन र तिनको संयोजनले उहाँका कविता सुन्दर बनेका छन् । आफ्ना कवितामार्फत सामाजिक र राजनीतिक विकृति, विसङ्गतिप्रति कटाक्ष गर्नुका साथै स्रष्टाले त्यस्ता कार्यमा संलग्नहरूलाई खबरदारी गर्नुभएको छ । उहाँले कवितामार्फत जनताको आकाङ्क्षाअनुसार काम गर्न, व्यक्तिगत स्वार्थमा नरुमल्लिन र देशको भूमि रक्षा गर्न राजनीतिक नेतृत्वसँग आग्रह गर्नुभएको छ । त्यसैले पनि उहाँका कविताहरूमा लिपुलेक, लिम्पियाधुरा र कालापानीका प्रसङ्गहरू पटक पटक आइरहेका छन् । उहाँका कवितामा आलङ्कारिक भाषाको बढी प्रयोग भएको छ। तथापि सरल प्रस्तुतिका कारण कविताहरू बोधगम्य बनेका छन् ।

आश्वासन मात्रै बाँड्ने अनि रूप र सारमा विरोधाभासपूर्ण व्यवहार गर्ने प्रवृत्तिप्रति उहाँले रोष प्रकट गर्नुभएको छ । व्यङ्ग्य, विरोध वा आक्रोशको शैली अपनाए पनि स्रष्टाले कवितामार्फत राष्ट्र र जनताको हितका पक्षमा सन्देश प्रवाह गर्न खोज्नुभएको मैले पाएँ । आकारका हिसाबले मध्यम र छोटा रहेका उहाँका कविताहरू चोटिला छन् । भाषालाई तौलिँदै लेख्न सक्नु उहाँको खुबी हो भन्ने कुरा उहाँका कविता पढेर थाहा पाउन सकिन्छ ।

आगामी दिनमा पनि यस्तै सुन्दर रचना सिर्जना गर्न उहाँलाई सफलता मिलोस् भन्दै प्रस्तुत कृतिको सफलताको कामना गर्दछु ।

गङ्गाप्रसाद उप्रेती
कुलपति
वि.सं. २०७७ असार

## शुभकामना

कविता त्यो हो जसले कविताको जस्तो परिचय देओस् । यो नै कविताको सर्वोत्तम अत्यन्त गहिरो र सरल परिभाषा हो भन्ने लाग्दछ मलाई । कविताले छन्द, कला, भाव, रस, अलङ्कार, गुण, रीति, वक्रोत्ति, ध्वनि, विम्ब, प्रतीक आदिको सुगठन चाहन्छ ।

यसमा कथ्यको सीमा छैन । तर्क, विचार, कल्पना, भावना आदिका रङ्ले सिँगारिएका हरेक कुरा कलात्मक भाषामा अभिव्यक्त हुँदा कविता बन्दछ । विश्वविद्यालयका विद्यार्थीहरूलाई औपचारिक रूपमा शिक्षा प्रदान गर्ने सिलसिलामा कविता पढाउँदा यिनै कुरा मैले सिकाएँ ।

यसका अतिरिक्त मैले धेरै यस्ता शिष्यहरूलाई पनि कविता सिकाएँ जुन मेरा औपचारिक विद्यार्थी थिएनन् वा होइनन् ।

कतिपयलाई प्रशिक्षणका माध्यमबाट र कतिपयलाई सम्पर्क र सङ्गतका आधारमा कवितासम्बन्धी आफ्नो ज्ञान प्रदान गरेको छु । यस्ता शिष्यहरूमध्येका एकजना अत्यन्त जिज्ञासु र क्षमतावान् प्रतिभा भएका शिष्य हुन् – राजबाबु श्रेष्ठ 'सागर' ।

यतिखेर मेरा अगाडि कम्प्युटरको स्क्रिनमा यिनकै कविताहरूको पाठकलोकमा पुग्ने तयारीमा रहेको "हराएका छोराहरू" नामक कवितासङ्ग्रह छ । यसको भाषिक शुद्धतामा दृष्टि

दिने र केही लेख्ने जिम्मेवारी पनि पाएको छु । यो मेरा लागि अतिशय खुसीको अवसर हो ।

यस कृतिमा मुक्तकीय ढाँचाका छोटादेखि सामान्यतः प्रचलित आयामका समग्र मुक्तलय विधानमा रचिएका कविताहरूको समाविष्टि छ । कविले यी कवितामा समय, परिस्थिति र वर्तमान परिवेशलाई ज्यादै मिहिन रूपमा चित्रण गरेका छन् ।

कविमनभित्रका असन्तुष्टि र रुष्टि यी कवितामा जताततै छिरलिएका छन् । मानवीय चरित्रका कमजोरीहरू देखाइएका छन् । ईश्वरीय शक्तिमाथि प्रश्नचिह्न उठाएका छन् । परिवर्तन हुन् नसकेको यथास्थितिलाई प्रतिबिम्बन गरिएका छन् । गरिबीका मार्मिक चित्रहरू उतारिएका छन् । यस्ता भावहरू संवहन गरेका यी पङ्क्तिहरू अवलोकन गर्न सक्छौँ ।

विकृति विसङ्गति र विद्रूपताका चित्रहरू प्रशस्त छन् । मूलतः कविले विम्बहरूको खोजी र प्रतीकहरूको प्रभावकारी प्रयोगमा सचेतता अपनाएको देखिन्छ । समकालीन नेपाली गद्यशैलीका कविताहरूका बिचमा यी कविता नितान्त शक्तिशाली र पृथक् लाग्दछन् ।

यी कवितामा व्यक्ति, समाज र राष्ट्रका खासगरी नकारात्मक प्रवृत्तिहरूको खोजी र प्रस्तुति रहेको देखिन्छ । कविता कविताजस्ता बनेका छन् भन्ने मेरो नितान्त ठम्याइ छ ।

अन्तमा, म कवि राजबाबुलाई हार्दिक बधाई दिँदै उनको यो यात्रा निरन्तर गतिवान् रहोस् भन्ने कामना पनि गर्दछु ।

*गजल गृह*

*डा. धनश्याम न्यौपाने परिश्रमी*
*बर्दघाट, नवलपरासी*
*२०७७/०३/२०*

## हार्दिक शुभकामना

नेपाली साहित्यमा गद्य कविता विधाले भीमनिधि तिवारी र गोपालप्रसाद रिमालदेखि नै मौलाउने अवसर पाएको हो । वर्ण, मात्रा र अक्षरसङ्ख्या वास्ता नगर्दा पनि गद्य कविता बन्ने संरचनात्मक स्वतन्त्रता भएकैले यो मौलाएको हो । अन्त्यमा, भाव

स्वतन्त्र रूपमा अभिव्यक्त गर्न पाउने भएकाले धेरैजसो कविले कविता रचनाको यो शैली मन पराउँछन् ।

छन्द कविता रचना गर्दा मात्रा र वर्णसङ्ख्या मिलाउनुपर्ने भएको हुनाले कविले जुन भाव सोचेर कविता लेख्न बस्छ शब्द मिलाउँदामिलाउँदै लेखिसक्ता अर्कै भाव आउने छन्द कवितामा जस्तो समस्या छन्दमुक्त कविता लेख्दा नआउने हुनाले सिकौरेदेखि वरिष्ठ कविसम्म विनाछन्दका कविता लेख्न मन पराउँछन् ।

यति हुँदाहुँदै पनि समाख्यानात्मक खँदिलेपन र लयात्मकता गद्य कवितामा पनि राम्ररी झल्केको हुन्छ । कवि राजबाबु श्रेष्ठ 'सागर'का गद्य कविताहरूको यस सङ्ग्रहले नेपाली कविता विधाको श्रीवृद्धिमा थप योगदान गर्ने कुरामा दुईमत छैन ।

सागरको यस सङ्ग्रहमा सङ्कलित कविता समसामयिक विषयमा आधारित छन् । कविले समाजमा, संस्कृतिमा, जीवनका गोरेटामा, प्रशासनमा, राजनीतिमा जे देखेका छन्, जे भोगेका छन् र जे अनुभव गरेका छन् तिनलाई टपक्क टिपी कविताको अतिशय राम्रो स्वरूप तयार पारेका छन् ।

प्रतिभाशाली युवामा देखिएको बढ्दो विदेश मोह, नेताहरूमा देखिएको सत्ता मोह, जनप्रतिनिधि र कर्मचारीमा देखिएको भ्रष्टचारमुखी प्रवृत्ति, समाजमा व्याप्त छटपटाहट र गरिबी र कष्टकर जीवन भोग्न बाध्य असहाय अनाथहरूको पीडाजनक अवस्था, छिन्नभिन्न संस्कृति, पारिवारिक विघटन आदि विकृत पक्षमाथि असन्तुष्टि व्यक्त गर्नु कवि सागरका कवितामा रहेका महत्वपूर्ण विषयगत परिधि हुन् ।

राष्ट्र, राष्ट्रियता, भाषा, संस्कृति, कला, प्राकृतिक सम्पदा, ईश्वरप्रतिको आस्था, देश तथा जन्मभूमिप्रतिको श्रद्धा, नारी र पुरुषबिचको प्रेमभाव, श्रृङ्गारिकता, विसङ्गत प्रवृत्तिप्रति व्यङ्ग्य मानवीय संवेदनशीलता र मानवताको खोजी, कविता चिन्तन र आत्मस्वाभिमान आदि जीवनका सकारात्मक पाटाहरूको प्रस्तुति उनका कवितामा पाइने अर्को विशेषता हो ।

मुक्तककार तथा आख्यानकार राजबाबु श्रेष्ठ 'सागर'ले यस सङ्ग्रहमा सङ्कलित कविताका माध्यमबाट जन्मभूमि, मातृभूमि, राष्ट्र र राष्ट्रियताप्रति अगाध श्रद्धाभाव व्यक्त गरेका छन् र मातृभूमि नेपाल शान्त तपोभूमि एवं शान्त भव्य उद्यानका रूपमा विकास हुन सकोस् भन्ने सुन्दर परिकल्पना गर्नुका साथसाथै राष्ट्र भाव पोखेका छन् ।

"हराएका छोराहरू" वास्तवमै चाँडै भेटियून् अनि ती छोराहरूले राष्ट्र र समाजमा देखा परेका अनगन्ती समस्या समाधान गरून् ।

यस खाले कविता 'सागर'बाट आइरहून् भन्ने अपेक्षाकासाथ पुष्पराग साहित्य प्रतिष्ठानका आजीवन सक्रिय सदस्य समेत रहनुभएका कवि राजबाबु श्रेष्ठ 'सागर'लाई हार्दिक शुभकामना ।

*२०७७/०३/२०*
*डा. यज्ञेश्वर निरौला*
*अध्यक्ष*
*पुष्पराग साहित्य प्रतिष्ठान*

## थोरै आफ्नो बारेमा भन्नुपर्दा

मैले कहिल्यै सोचेको थिइनँ यसरी म कवि बन्छु भनेर । तर एक अभिनेता, लेखक र उपन्यासकार बन्छु भन्ने सपनाका हाँगाहरू भने मेरो यो मनभित्र पलाइरहन्थ्यो ।

मेरा बा अभिनेता नभए तापनि उहाँ एक कुशल मुरलीवादक हुनुहुन्थ्यो । बाको पहिलेदेखि नै हल्का पिउने बानी थियो । जहिल्यै हाटमा हल्का लाएर घरमा आउनुभएपछि “तिरिरि मुरली बज्यो

वनैमा” भन्ने गीतमा एकोहोरो पौन नफेरिकनै मुरली बजाएर हामीलाई तीनछक पार्नुहुन्थ्यो ।

बा मुरली मात्रै होइन, पिएको सुरमा हार्मोनियम पनि कहिलेकाहीँ बजाएर हामीलाई सुनाउनुहुन्थ्यो । हामी बाको यस्तो कलाकारिता देखेर छक्कै पर्थ्यौँ र प्रफुल्लित हुन्थ्यौँ ।

कुरैकुरामा आमाले हामीलाई भन्नुहुन्थ्यो, “तिमरूका बाका यही मुरली बजाइले म मोहित भएर आकी हूँ, तिमरूको बासँग । यै रक्सी धोक्ने, मुरली बजाउने र हलो जोत्नेबाहेक अरू के नै आउँछ र तिमरूका बलाई ।”

हामी नजन्मिएकै बेलाको २०१५ सालतिरको कुरो हो । बाले दुई बिघा धानखेत बेची “टेकबहादुर नाटक कम्पनी” खोल्नुभएको रहेछ ।

नाटक कम्पनीले निकै लोकप्रियता पनि कमाएछ । अहिले पनि मेरा बालाई “टेकबहादुर नाटक कम्पनी” भनेपछि आठदश गाउँहरूका सबै मानिसले चिन्दारहेछन् ।

बाले बेच्नुभएका धानखेत किन्नेले अहिले मजाले आफ्नो परिवारका राम्रो जीविका चलाईरहेको छ । तर मेरा बाले भने नाटक कम्पनीको नाम चलाउनुभयो ।

अहिले त्यो बेचिएको घानखेतको मूल्यको कुरा गर्ने हो भने साढे दुई करोड रुपियाँभन्दा पनि माथि रहेछ । मेरा बाले एउटा नाटक कम्पनी खोल्नलाई साढे दुई करोड लगानी गनुभएको विगत सम्झी म कहिलेकाहीँ रमाउँछु पनि र टोलाउँछु पनि ।

सायद, ममा पनि बाको यही गुण सरेको हुनुपर्छ । मेरो भाइ पनि गायक छ । उसले पनि गाएको दुईचारवटा गीत अहिले बजारमा बजिरहेका छन् ।

म सानैदेखि कला र कलाकारलाई माया गर्ने स्वभावको रहेछु । अहिले पनि त त्यस्तै छु । नाटक खेल्न मन पराउने, नाटक हेर्न जानुपर्ने, नाटक रिहर्सल हेर्नुपर्ने आदि इत्यादिको बानी पहिलेदेखि नै ममा छँदै थियो ।

सामन्तीहरूका विरुद्ध लेखिएका नाटक पढ्ने गर्थें । अग्रज तथा वरिष्ठ अभिनय पूर्वाभ्यासले मलाई नाटक लेख्न र नाटक मञ्चन गराउने तौरतरिकाका बारेमा थप उर्जा प्रदान गरे ।

जुनबेला म कक्षा आठमा पढ्दै थिएँ अर्थात् चौध वर्षको उमेरमा नै "प्रेम फैसला" पाँच अंकको पहिलो सामाजिक नाटक लेखेर आफैले निर्देशन गर्नुका साथै आफैले नायिकाको भूमिकासम्म निभाएको थिएँ । सो नाटक हामीले दसैंमा देखाएका थियौं ।

यसरी म सानैदेखि नाटक लेख्ने र नाटक खेल्ने गर्न थालें । नौ कक्षा पढ्दापढ्दै मेरो विवाह भयो । म व्यावहारिक बनें अर्थात् म कसैकी पति बनें । मेरो काँधमा धेरै जिम्मेवारीहरू आए ।

दुई भाइ छोरा जन्मेपछि म काठमाडौं आएँ । सायद, २०४९ सालतिर हुनुपर्छ, आएर आफ्नै दाइले गरिरहनुभएका लेथ वर्कशपको काममा सघाउन थालें । एकदिन फेरि हात्तीलेड् टोलको एउटै हाइ स्कुल पढ्ने आफूभन्दा दुई ब्याच अगाडिका टेकबहादुर बलम्पाकीसँग मेरो भेट भयो ।

इ.सा.स.बाट टेकबहादुर बलम्पाकीको संयोजकत्वमा सभा गृह र नेपाल प्रज्ञा प्रतिष्ठानको हलमा टिकट सिस्टममा दुई चारचोटि प्रगतिशील नाटक पनि प्रदर्शन गर्‍यौँ ।

विशेष गरी चौताराका सुरज श्रेष्ठले लेखेको र उहाँले नै निर्देशन गर्नुभएको "प्रतिशोध" शीर्षकको नाटकमा मैले निभाएको सामन्तहरूका विरुद्ध नेतृत्वकारी भूमिकामा "सन्ते" बनेर निकै नै चर्चामा आएँ ।

यसपछि बाटोमा हिँड्दा, मेरो अभिनय देख्ने दर्शकहरूले कहीँकतै देखियो भने मलाई, "ए सन्ते" भनेर बोलाउन पनि थाले ।

केही समयपछि आख्यानकार, अभिनेता तथा फिल्म निर्देशक ओम प्रतीकजीसँग मेरो भेट्घाट भयो । ओम प्रतीकजीको लेखन र निर्देशनमा एक भागको "आवाज" शीर्षकको टेलिसिरियलमा अभिनय गरेँ । त्यसपछि उनैको निर्देशनको "खाते" शीर्षकको सिरियलमा अभिनय गरेँ ।

एकदिन मसँग समयले खेल खेल्यो । सत्य भन्नुपर्दा मेरा दिनहरू ओराला लाग्दै गए । मलाई समस्याका भारीहरूले थिच्दै गए । म थिचिँदै गएँ । बिहे गरेपछि मैले र मेरी श्रीमतीले पाएका दुःखका दिनहरूलाई एउटा कथाको मालामा उनेर लेखेको "घर एक नर्क" भन्ने फिल्म स्क्रिप्ट थियो ।

मैले सुनाएका जति सबैले मन पराए अनि त्यसलाई फिल्म बनाउनुपर्छ भनेर फिल्म बनाउने एउटा समूह तयार भएको थियो तर स्क्रिप्ट नै हराएपछि फिल्म बन्न सकेन । श्रीमती मरेपछि २०५६ सालमा म साउदी अरबतिर सुइँकिएको यो तितो अनुभूति पोख्दैछु ।

त्यहाँ, प्रवासी साहित्यकार साथीहरूसँग भेटघाट भयो । उहाँहरूकै अनुरोधमा मैले “बन्दप्रेभित्रको चिठी” शीर्षकको उपन्यास चितवनको एक वास्तविक घटनालाई लिएर लेखेँ । दुई वर्षसम्म प्रवासी साहित्यिक पत्रिकामा धारावाहिक रूपमा प्रकाशन पनि हुँदै गयो ।

४४ हजार शब्द भैसकेपछि मैले उपन्यासलाई बिट् मारिदिएँ । तर त्यसै उपन्यास अविरल दुई वर्षसम्म धाराबाहिक रूपमा हप्ताको चार पृष्ठका दरले प्रकाशित भैरह्यो । उक्त उपन्यासलाई साथीहरूले प्रथम संस्करण २०५७ साल अल्हस्साबाट ५०० प्रति १९४ पृष्ठको प्रकाशित गरे ।

फेरि एकदिन मेरो यस्तो कालो दिन आयो । म ह्विस्की केसमा समातिएर साउदी अरबको अल्हस्सा जेलमा एक वर्ष बन्दी भएँ । जागिर गयो कमाएको सबैसबै सकियो । आफ्ना कृतिहरू कता गए कता ।

जिन्दगी शून्य भएर विदेशिनु परेको थियो । फेरि नेपाल आएर जिन्दगी शून्य भयो । आफै आफ्नै कहरहरूका कुहिरोभित्र हराउनु हराएँ । जिन्दगी फेरि शून्यमा आएर रुमलिरह्यो । फेरि शून्यबाट नै जिन्दगीका आयामका रेखाहरू कोर्न सुरु गरेँ ।

लेखन हरायो । लेख्ने कलम भाग्यले एकाएक कुच्याइदियो । जिन्दगी फेरि अभावका बाटामा भौँतारिन थाल्यो । सुख, खुसी र आयामहरू एकाएक पक्षीझैँ उडेर स्वतन्त्र भए । म नितान्त खोक्रो र उजाड बगरझैँ बनेँ ।

फेरि २०७४ सालदेखि हो, एक सिकारु कलम बनेर अक्षरहरू उमार्न कोसिस गरेको ।

एकदिन कवि मिसन भाइले मलाई लीलाध्वज साहित्य प्रतिष्ठानले आयोजना गरको संस्कृतविद शताब्दी पुरुष सत्यमोहन जोशीज्यूको सम्मान कार्यक्रममा "आउनू है दाइ" भनी निम्तो गर्नुभएको थियो । त्यसै दिनदेखि हो सुरु भएको हो मेरो पुनः साहित्यिक यात्रा ।

म फरक विधा आख्यानमा कलम चलाउने मान्छे तर कविताको माहोलभित्र पस्दा आफूले आफैलाई अतिशय शून्य महसुस गरेँ । पुनः आफूले नै आफूलाई छिल्ने र तिखार्ने कोसिस गरेँ ।

म कविता, गीत, गजल, मुक्तक र हाइकु लेख्न नजान्ने मान्छे । एकदिन फेरि कवि मिसन भाइले, "नेपालमा नै गजल विधामा पहिलो विधावारिधि गर्नुभएका डा. घनश्याम न्यौपाने परिश्रमीज्यूको सहयोगमा कविता क्लास राखेको छु दाइ, आउनू होला ।" भन्नुभएपछि मैले १५ दिने कविता लेखन क्लास लिएँ । त्यस दिनदेखि आदरणीय डा. घनश्याम न्यौपाने परिश्रमीज्यू कविताको लागि मेरो प्रथम गुरु बन्नुभयो र कवि मिसन भाइ मित्र ।

यसरी फेरि मेरो जीवनमा साहित्यिक यात्रा सुरु भयो । यसैको उपज हो, यहाँहरूबिच मेरो कवितासङ्ग्रह "हराएका छोराहरू" आज आइपुग्न सफल भएको ।

मेरो यस सङ्ग्रहमा रहेका कविताहरूमा मैले कलात्मक पक्षभन्दा बढी विचार, उद्देश्य, मार्ग र सन्देश पक्षलाई बढी जोड दिएको छु । सकेको फरक किसिमको विम्ब, प्रतीक र थोरै भए पनि केही अलङ्कारहरूको प्रयोग गरेको छु ।

मेरा केही कविताहरू सरल छन् भने केही कविताहरू शब्दमा भन्दा अर्थमा क्लिष्ट छन् जसलाई बुझ्न निकै गहिरिनु पर्ने हुन्छ ।

केही कविताहरू लामा छन् भने केही कविताहरू मध्यम खालका र केही छोटाछोटा पनि छन् ।

तर मेरा सबै कविता आफ्नै पनका छन् । मैले जस्तो भोगेँ, जस्तो देखेँ र जस्तो अनुभूति गरेँ त्यही अनुभूतिहरूका तिता र मिठा उपजहरू हुन् मेरा हराएका छोराहरूमा सङ्कलित कविताहरू ।

मलाई यहाँसम्म ल्याइपुर्याउनुहुने र साहित्यिक यात्रामा बाटो देखाउनुहुने आदर्णीय मित्र तथा भाइ कवि मिसन अधिकारीप्रति हार्दिक साधुवाद तथा आभार व्यक्त गर्दछु ।

त्यसै गरी, मलाई कविता लेख्न सिकाउनुहुने र यस कवितासङ्ग्रहको कविताहरूलाई सम्पूर्ण भाषा, व्याकरण, शुद्धाशुद्धि सम्पादन गरी कवितासङ्ग्रह लायक बनाउनमा आत्मादेखि नै सहयोग गरिदिनुहुने आदर्णीय द्वय डा. घनश्याम न्यौपाने परिश्रमीज्यू र आफ्नै पुष्पपराग साहित्य प्रतिष्ठानका अध्यक्ष डा. यज्ञेश्वर निरौलाज्यूलाई हार्दिक साधुवाद तथा आभार व्यक्त गर्दछु ।

मलाई सँधै “कृति कहिले निकाल्ने हो ब्रो ? कृति निकाल्नु परेन” भनेर झक्झक्याइरहनुहुने “सूर्य पुत्र” कवितासङ्ग्रह तथा “डेड् सुक्रबिर” उपन्यासका लेखक कवि तथा आख्यानकार टीएन भट्ट विश्वाभित्रज्यूलाई र जनता टेलिभिजनसम्म मलाई डोर्याई लैजानुहुने गजलकार, कवि तथा दियालो साहित्य सरगमकी अध्यक्ष शान्ति शर्माज्यूलाई समेत हार्दिक आभार तथा साधुवाद व्यक्त गर्दछु ।

मलाई साहित्य क्षेत्रमा सहयोग र हौसला दिनुहुने मेरा आदर्णीय महाकाव्यकार, कवि तथा वरिष्ठ समालोचक डा.

रामप्रसाद ज्ञवालीज्यू, कवि तथा समालोचक माधव घिमिरे अटलज्यू, कवि तथा गीतकार प्रेम राई परीक्षितज्यू, महाकाव्यकार तथा सञ्चारकर्मी डा. नवराज लम्सालज्यू लगायत र मेरा आफ्नै पुष्पपराग साहित्य प्रतिष्ठानका सम्पूर्ण टीमहरूप्रति हार्दिक साधुवाद तथा आभार व्यक्त गर्दछु ।

अन्त्यमा, कृति प्रकाशनको लागि प्रकाशक बिएन पुस्तक संसारलाई पनि हार्दिक साधुवाद तथा आभार व्यक्त गर्दछु ।

*राजबाबु श्रेष्ठ सागर*
*महोत्तरी, गौशाला न. पा. १*
*हालः भक्तपुर, नयाँ ठिमी*

**कविता क्रमः**

१. हराएका छोराहरू –
२. मद्य पिएपछि –
३. मेरा भोकहरू भोकभोकै निदाउँछन् –
४. उठेको गधाभन्दा बसेको हात्ती नै अग्लो हुन्छ –
५. देश आफै बन्दछ –
६. जिउँदे शुक्रवीर –
७. जिन्दगी एक रङ्गमञ्च –
८. जिन्दगी एक धुवाँ –
९. कस्तो भोक हो त्यो ? –
१०. सहिदको एक सर्वनाम –
११. खाऊ वनभोज रमाएर –
१२. घाम निद्राबाट ब्युँझिँदा –
१३. चातक जिन्दगीको कहानी –
१४. ठोक सलामी ए मलामी हो –
१५. एउटा रुख –
१६. आफैले आफैलाई खायौ –
१७. मैले बुझेको यत्ति हो –
१८. दाउराहरू –
१९. सहिदका घाइते पाइतलाहरू –
२०. आततायीहरू –

२१. पहिला पानी हुन सिक –
२२. पिँजडाभित्रको स्वतन्त्रता –
२३. प्रदूषणका कुहिएका चल्लाहरू –
२४. फेरि मलाई दिगम्बर हुनु छैन –
२५. बिग्रिएका जिन्दगीका बेहिसाब –
२६. जिन्दगीका परिभाषाहरू –
२७. भन तिमीले देशलाई के दियौ ? –
२८. भोकाएका कुर्सीहरू –
२९. म उसलाई औधी माया गर्छु –
३०. भोकहरू देहावसान पिएर तृप्त छन् –
३१. म एउटा भोको पेट –
३२. दसैँ –
३३. अघाउनुछ कविता पिएर –
३४. मृत्यु आफै उम्रिन्छ –
३५. भोकभन्दा ठुलो आशीर्वाद होइन रहेछ –
३६. सहिदहरू व्युँझिनुपर्छ –
३७. यी पनि कविताजस्ता छन् –
३८. एक स्वाभिमानी नेपाली –
३९. इजलास –
४०. टिपेर जून अँजलीमा थाप्नू –
४१. सिमचना कसैका भागमा परेनन् –
४२. छातीमा देश रोप्नुपर्थ्यो –
४३. अदालत जाने बाटो –
४४. आदिम आगोका जुलुसहरू –

४५. घले कान्छा –
४६. दिगम्बर समयहरू –
४७. किन बुझ्दैन ऊ ? –
४८. आधुनिक जल्लादहरू –
४९. स्वाभिमानको लालपुर्जा –
५०. देश हराएको कथा –
५१. विद्रोहको धुमकेतू –
५२. जून दुई टुक्रा हुनेछन् –
५३. किन मान्नु म कसैलाई गुरु ? –
५४. मेरो साँघुरो कोठा –
५५. भोकका आयतनहरू –

*हराएका छोराहरू*

एक ढाकर खुसीहरू
जब ढाकर नै प्वाल परेर बाटोमा खसेपछि
बुढीआमा एकोहोरिएकी छिन् पूर्वतिर हेर्दै
बिहान उठ्ने घामसँगै
आफ्ना अरुण र बरुण जुरुक्क उठेर
टुप्लुक्कै सिकुवामा आइपुग्छन् कि भनेर ।

रातको सिरानी लगाई
निदाएको घाम बिहानी सँधै ब्युँझिन्छ
फेरि निदाउँछ थाकेका निद्राको सिरक ओढेर
घाम उठ्नुभन्दा पहिले उठिन् बुढी आमा
बुढीआमासँगै निदाएका बिर्खेबा
तर उनी कहिल्यै उठेनन् घाम उठेजस्तै गरी
बिर्खेबाका लागि भाले कहिल्यै बासेनन् ।

जेठो छोरो जहिल्यै देश काँधमा बोक्छु भन्थ्यो
देश निकै भारी हुँदो रहेछ क्यारे
सकेन बोक्न र बिसाए देश आफै ढलेपछि
कान्छो छोरो पनि निकै देश बदल्छु भन्थ्यो
देश बदल्ने कलिला सपनाहरू थुन्सेमा बोकी
छिर्यो जङ्गल जनयुद्धका लागि ।

ऊ जनयोद्धाबाट सहिदमा बदलियो
शान्ति घोषणापछि बदलिए सारा नाराहरू

बदलिए सारा नारा लाउने सर्वहाराहरू
तर बदलिएन उसले बदल्न खोजेको देश
अरुण र बरुण समाधिमा निदाएजस्तै
साँच्चै भनूँ !
निदाइरहेछ मेरो देश मृत्युको शैयामा ।

तर, निदाइनन् ती बुढीआमा
अरुण र बरुण समाधिमा निदाएजस्तै
च्यातिएका सपनाहरू सबै पोको पारी
बिरामी देशलाई थुन्सेमा बोकी
सोलुखुम्बुको त्यो ठाडो उकालो
नथाकुन्जेल उक्लिरहिन्
उक्लिरहिन्
अविरल उक्लिरहिन्
आफ्नै देशमा हराएका छोराहरू खोज्दै ।

## मद्य पिएपछि

तिमी नै भन न
तरबार र कर्दमा के समानता छ र ?
कहाँ दिन

*कहाँ राति*
*कहाँ गधा*
*कहाँ हात्ती*
*काकाबा र बडाबा मद्य पिएपछि*
*कुटाकुट गर्छन् आफैआफैमा*
*जब नशा उत्रिन्छ*
*मचानबाट हजुरबा उत्रिएझैँ गरी*
*तब दुवै जना दुईतिर उभिएर फरिको बुनिरहन्छन् ।*

*जस्तो कि,*
*हिजो भएका ती कलहहरू*
*दुवै जनालाई थाहा नभएझैँ गरी ।*

## *मेरा भोकहरू भोकभोकै निदाउँछन्*

*ए जिन्दगी !*
*भन न तिमी किन मौन छौ ?*
*आफैलाई आफ्नै भोकहरूले*
*चिथोर्ने प्रश्नका काँडा बनेपछि*
*किन निरुत्तर छौ हँ ?*

*ए ! मेरा निरीह उत्तरहरू*
*मेरा भोकहरू जहिल्यै भोकभोकै निदाउँछन् ।*

*थहा छैन मलाई*
*फुटपाथमा आफ्ना भोकहरू बिछ्याउँदा*
*कतिले मलाई चपाएर अघाउने हुन् कुन्नि*
*फूलझैँ यौवन फुल्दैगर्दा*
*कतिले मलाई ओछ्याउने हुन् कुन्नि*
*यही सम्झेर म आतङ्कित हुँदै*
*ब्युँझिन्छु झसङ्गै भई भोकका बिछ्यौनाबाट ।*

*फरक यत्ति हो,*
*म ब्युँझिनुअघि चोरिन्छन् मेरा सम्पूर्ण यौवनहरू*
*तर, कहिल्यै चोरिएनन् मेरा ती भोका भोकहरू*
*ए जिन्दगी !*
*भन न तिमी किन मौन छौ ?*
*मेरा भोकहरू जहिल्यै भोकभोकै निदाउँछन् ।*

*थाहा छैन मलाई*
*कहाँ हुन्छ यौवनको उदर ?*
*र कहाँ लाग्छ यौवनको भोक ?*
*मलाई यत्ति थाहा छ,*
*केवल मलाई भोक लाग्छ, भोक*
*र त बिछ्याउँछु आफ्ना ती भोका भोकहरू*

*असरल्ल पारेर सहरका गल्ली र फुटपाथहरूमा*
*ए जिन्दगी !*
*भन न तिमी किन मौन छौ ?*
*मेरा भोकहरू जहिल्यै भोकभोकै निदाउँछन् ।*

## *उठेको गधा*

*औँसीको रातलाई घोटेर*
*चन्दनको टीकाझैँ चाँदोमा नलाग्दो रहेछ ।*

*आशाको अक्षता मुछेर*
*भ्यागुताको निधारमा टीको*
*र कानमा आशीर्वादको जमरा लगाइदिँदैमा*
*ऊ कहिल्यै राजा नहुँदोरहेछ ।*

*यत्ति बुझ्नू सबैले,*
*गधा उठेर जत्तिकै आङ् कुप्रो पारी तन्काए पनि*
*उठेको गधाभन्दा,*

*बसेको हात्ती नै अग्लो हुँदो रहेछ*
*यत्ति बुझ्नू सबैले ।*

## देश आफै बन्द छ

*जतातत्तै ढुङ्गामुढा बर्सिन थाले*
*भत्किए पौवापाटी अनि सडकमा लगाइएका बारहरू*
*रोडमा ठिङ्ग उभिएका मुर्कुट्टाझैँ*
*मक्किएका काठका खम्बाहरूमा*
*माकुराको जालो जेलिएजस्तै*
*बिजुलीका दिगम्बर ती तारहरू*
*एक हुल आएर ढाल्दछन्*
*अचानक मक्किएका ती पोलहरू*
*र गरिबीका सपनाका महलहरू*
*फेरि गुन्जिन्छन् नाराहरू*
*जिन्दावाद - मुर्दावाद*
*जिन्दावाद - मुर्दावाद*
*फेरि अर्को हुल आएर ढाल्दछन्*
*चारदोबाटोमा ठिङ्ग उभिएर बसेका*

*सेतै केस फुलेका हजुरबाजस्ता सालिकहरू*
*तप्पतप्प चहिन थाल्दछन्*
*आमाका नयनबाट वेदनाका अश्रुविन्दहरू ।*

*जुलुस अगाडि बढ्दै छ*
*देशको काँचुली फेर्ने नारा गुन्जिँदै छ*
*एकर्कामा एउटै आमाका छोराहरू*
*धारिला तरबारका सस्ता बलि बन्दै छन्*
*रङ्गिगए मन्दिरका मूलढोकाहरू रगताम्मे भई*
*आस्थाका पुजारीहरूबाट नै*
*झुन्डिए घाँटीमा मान्छेका निर्दोष ती टाउकाहरू*
*किनकि,*
*अचेल मन्दिरमा पूजाको बलि दिन*
*महङ्गा पर्दा रहेछन् बलिका बोकाहरू*
*यहाँ,*
*सस्ता छन् त केवल निर्दोष मान्छेका टाउकाहरू ।*

*दिनदिनै घट्दै छन् लास बोक्ने मलामीहरू*
*बन्दुक बोक्नेले बन्दुक बिसाए*
*नबोक्नेले बोके छातीमा हिंसाका बारुदका गोलाहरू*
*भड्काए हिंसा जताततै जातीय र धर्मका*
*मन्दिर र मस्जिदमा शत्रुताका सोलाहरू*
*नारा गुन्जन्छन् फेरि देश फेर्नेको*
*राष्ट्रियताको*

*तर देख्दिनँ म,*
*कसैका हातमा झन्डा चन्द्र र सूर्यका*
*छन् त फगत एकजोर आँखामा काला पट्टि*
*हिंसाका खुर्पा र स्वार्थका ठुला राता तूल*
*जसमा लेखिएका छन् – "आऊ बुद्ध देश बचाऊ ।"*

*ए मूर्खहरू हो !*
*बुद्धका नाउँमा हिंसा रोपेर कसरी देश बन्दछ ?*
*शान्तिका नाउँमा बारुदका तोप गुलेली हानेर*
*कसरी शान्ति आउँछ ?*
*बनाउनु नै छ भने देश पहिले ?*
*ढलेका दशगजाहरू उठाउन सिक*
*बनाउनु नै छ भने देश पहिले ?*
*आफ्नै छातीभित्र देशभक्तिका बिउ उमार्न सिक*
*बनाउनु नै छ भने देश पहिले ?*
*मन्दिरका आस्थाका पुजारी बदल्न सिक ।*

*बनाउनु नै छ भने देश पहिले ?*
*रोप टुँडिखेलमा शान्तिका बोधिबृक्ष*
*बुद्ध फेरि जन्मिरहनु पर्दैन*
*गर सुरक्षा आफ्नै दिदी र बहिनीका आबरुको*
*थाम स्वाभिमानको पहाड छातीमा*
*र चौडा बनाऊ विकासका बाटाहरू*
*उठाऊ गुम्बा शान्तिको*

देश बनाउनु पर्दैन
देश आफै बन्दछ ।

## जिउँदो शुक्रवीर

मेरा बाले छाडेर गएका
डोका र नाम्लाका यी उपहारहरू
अहिले म उनैको छोरो वीरबहादुरले सम्हालिरहेछु
सायद,
भोलि मेरो छोरो हर्कबहादुरले पनि
यिनै उपहारहरू सम्हाल्ने छ
फरक यत्ति हो,
डोको फेरिन्छ
नाम्लो फेरिन्छ
तर, फेरिँदैनन् कहिल्यै चाँदोमा उठेका
भोकका ती नाम्लाका डामहरू
केवल फेरिन्छन् यहाँ नयाँ डोका र नाम्लाहरू
केवल फेरिन्छन् यहाँ नयाँ व्यापारी र नयाँ सामग्रीहरू
तर, कहिल्यै फेरिँदैनन् ती पुराना बजारहरू
उनै पुरानै रहन्छन् स्टलहरू र भाडाका सटरहरू ।

भोलि पनि डोकाहरू फेरिएलान्
मक्किएका नाम्लाहरू फेरिएलान्

*भरिया र कुल्लीहरू फेरिन सक्छन्*
*तर, फेरिने छैनन् कहिल्यै गरिबीका ती परिचयहरू*
*र मेटिने छैनन् कहिल्यै*
*ती भरिया र कुल्लीहरूका चाँदोमा*
*उठेका भोकका ती नाम्लाका डामहरू ।*

*समय फेरिने छ*
*युग फेरिने छ*
*फेरिने छन् यहाँ जुलुसका आवाजहरू*
*फेरिने छन् यहाँ नाराहरू*
*फेरिने छन् यहाँ हाकिमहरू*
*तर, फेरिने छैनन् कहिल्यै ती उडिसे कुर्सीहरू*
*पुरानै रहने छन् उनै डेड शुक्रवीरहरूले*
*जन्माएका ती डेड् शुक्रवीरहरू ।*

*ए जिन्दगी !*
*भन न यो कस्तो जिन्दगी ?*
*बाँच्नु छैन मलाई*
*डेड शुक्रवीरहरूजस्तै डेड शुक्रवीर भएर*
*ए धरा ! सुन्दैछ्यौ तिमी ?*
*तिम्रा धरामा रहेका करोडौँ मरेका शुक्रकीटहरूलाई*
*रजस्वलासँगै बगाइदेऊ वाग्मतीमा*
*जहाँ, वाग्मती आर्तनादका कथा बोक्दै बग्छिन् ।*

*ए धरा ! सुन्दै छ्यौ तिमी ?*
*शुद्ध गर तिम्रो धरा*
*मलाई रोप्नु छ एउटा जिउँदो शुक्रवीर*
*जसले उम्रिएका डेड शुक्रवीरको बिउ*
*र उमार्नु छ एउटा जिउँदो शुक्रवीर*
*जसले उम्रिएका डेड शुक्रवीरहरूका*
*बाँझा बारीमा जोतोस्*
*एउटा युग परिवर्तनको राष्ट्रियताको हलो*
*हो, त्यही दिन कहलाइने छ*
*मेरो देशको जिउँदो शुक्रवीर*
*हो, मलाई जन्माउनु छ एउटा*
*नजन्मिएका जिउँदो शुक्रवीर*
*ए धरा ! सुन्दै छ्यौ तिमी ?*

## *जिन्दगीको रङ्गमञ्च*

*परिवर्तनशील जिन्दगीका परिभाषाहरू*

*सर्पका काँचुलीजस्तै त रहेछन् क्यारे*
*काँचुली फेरिन्छन्, च्यातिन्छन्*
*फेरि काँचुली फेरिन्छन्*
*फेरि च्यातिन्छन् ।*

*हिँड्दै गरेका गोरटाहरूमा भेटिएका मित्रहरू पनि*
*काँचुलीजस्तै रहेछन् क्यारे*
*भेटिन्छन्*
*भेटिएपछि फेरि छुटिन्छन्*
*फेरि अर्को मोडमा अरू मित्रहरू भेटिन्छन्*
*फेरि त्यसै गरी भेटेपछि छुटिन्छन् ।*

*तर, जिन्दगी टुङ्गिएजस्तै गरी*
*ए बाटाहरू !*
*तिमीहरू किन कहिल्यै टुङ्गिँदैन हँ ?*
*एउटा बाटो मर्छ,*
*फेरि त्यही बाटोबाट अर्को बाटो जन्मिन्छ*
*मरेकै बाटोबाट नयाँ बाटो जन्मिएजस्तै गरी*
*मृत्युबाट,*
*किन अर्को जिन्दगी जन्मिँदैन हँ ?*
*साँच्चै भनूँ !*
*जन्म र मृत्युबिच खेलिने जिन्दगीको खेल नै*
*जिन्दगीको रङ्गमञ्च रहेछ ।*

## जिन्दगी एक धुवाँ

सृष्टिभन्दा जेठो कोही छैन
तर ऊभन्दा पनि जेठो रहेछ उसको जन्म
यसो सोचेँ,
ऊभन्दा पनि जेठो रहेछ उसलाई जन्माउने
जसलाई क्यानभासमा कहिल्यै उतार्न सकिएन
केवल,
अनुभूति गरिरहेछु अनुभूतिको ढोका खोलेर
जन्मपछि पो बल्ल जन्मिने रहेछ उसको मृत्यु ।

*जन्मिनु भनेको घामझैँ मुस्कुराउनु रहेछ भने,*
*मृत्यु निस्पट्ट औँसीको*
*तर्साउने भीमकाय एउटा कालो रात*
*जुन रङ्ग पोखिएपछि नीतिको उद्यानमा*
*जिन्दगी नै निदाउने रहेछ चिताको सिरानी लगाई*
*बिहानीपख सूर्य ब्युँझेर ढोका खोलझैँ*
*कहाँ खुल्दो रहेछ र जिन्दगीको बिहानी ?*

*सयौँचोटि देखिरहेछु म*
*धुवाँका अखटो चढ्दै देवघाट र आर्यघाटमा*
*लासहरू आकाश उक्लिरहेका,*
*आर्यघाटमा मलामी बनेर जाँदा*
*मेरै अगाडिका मलामीले चुरोट खाइरहेथे*
*यस्तो लाग्यो मलाई*
*आकाशले पनि*
*लासहरूलाई चुरोट बनाई खाइरहेछ ।*

*मान्छेको जिन्दगी*
*लास*
*र चुरोटका ठुटा उस्तैउस्तै पो हुँदारहेछन्*
*जिन्दगी भनेको त चुरोटको ठुटाझैँ*
*सल्किएर धुवाँझैँ आकाशमा*
*विलीन भई आफ्नै अस्तित्वदेखि हराउनु पो रहेछ ।*

*साँच्चै भनूँ,*
*जिन्दगी एक धुवाँ पो रहेछ ।*

## *कस्तो भोक हो त्यो ?*

*सम्झ त एकफेर*
*म समडम हुँदा*
*तिमीले कतिचोटि उबायौ*
*भन्याजस्तो नहुँदा कतिचोटि डुबायौ*
*सम्झ त एकफेर तिमी*
*जाऊ त तिम्रो नोस्टाल्जिक दुनियाँमा*
*नाइँ भन्दाभन्दै पनि सहमति गरायौ*
*सहमतिपछि आफ्नै डाडु र पन्युँझैँ गरायौ ।*

*कहिले खुला त कहिले दाम्लोले बाँध्यौ*
*कहिले आधा पेट त*
*कहिले तिम्रो आफ्नै खर्कमा सकुन्जेल चरायौ*
*सम्झ त एकफेर*

*म समडम हुँदा*
*तिमीले कतिचोटि उबायौ ?*
*आफ्नै हातका डमरु सम्झी बजाउनु बजायौ*
*आफ्नै बाँदर सम्झी नचाउनु नचायौ ।*

*सम्झ त एकफेर*
*कस्तो भोक हो त्यो ?*
*आफू अघाउनलाई नङ्ग्याउनु नङ्ग्यायौ*
*सम्झ त एकफेर*
*जाऊ त एकफेर तिम्रो नोस्टाल्जिक दुनियाँमा*
*जहाँ भोकहरू खर्कमा चरेर अघाउनु अघाए ।*

## सहिदको एक सर्वनाम

पाउनेले काम पाएका छन्
पाउनेले दाम पाएका छन्
पाउनेले,
काम, दाम र नाम यी सबैसबै पाएका छन् ।

कसैले राहतको बर्को पाए
कसैले पाए कम्बल
गरिबहरूले केवल घामको राप पाएका छन्
जतिकै पहाड र हिमाल अग्लो भए तापनि
अन्ततोगत्वा पाइतला तलै त रहेछन्
कठैबरा जिन्दगी !
केवल बाटाहरूले पाइतलाका डाम पाएका छन्
कागजले रुपियाँको नाम पाएजस्तै
देशका लागि आफैलाई आहुती दिनेहरूले
केवल सहिदका एक सर्वनाम पाएका छन् ।

ए ! झन्डा झुकाएर
प्रसिद्धि कमाउनेहरू हो ?
भन त तिमीहरूले अरू केके पाएका छौ ?

*म त भन्छु,*
*तिमीहरूले सर्वस्व पाएका छौ*
*तर,*
*जसले देशका लागि आफूलाई नै बलि दिए*
*उसले केवल सहिदको एक सर्वनाम पाएको छ ।*

## *खाऊ वनभोज रमाएर*

*मलाई कथा खोज्नु जानु पर्दैन*
*अचेल गुराँशहरूका बस्तीमा*
*किनभने,*

*म आफै कथाहरूको शैल बनेको छु*
*चिलाउने फोहरहरूको मैल बनेको छु*
*आऊ,*
*उत्खनन् गर मेरा जराका तलतिरबाट*
*भत्काऊ मलाई*
*फोर्नू हतौडै हतौडाले मेरो शिर*
*अनि चौइट्याउनू चिर्पटझैँ मलाई*
*मेरो कोखेलेको दाहिनेतिरबाट ।*

*लगेर मलाई जलाउनू*
*दनदन्ती स्वार्थको भट्टीमा*
*निकाल पिरो धुवाँको मुस्लो अश्रुग्याँसजस्तो*
*भगाऊ आफ्ना प्यारा मित्रहरूलाई*
*अनि डाक तिम्रा ती शत्रुहरूलाई*
*खाऊ वनभोज मिलेर रमाईरमाई*
*टुँडिखेलको बिचमा पलेटी कसेर ।*

*लिलाम गर*
*आफ्नै प्राणभन्दा प्यारो*
*पूर्वको बुढो आफ्नै बाघ दरबार ।*

## घाम निद्राबाट ब्युँझिँदा

म पढ्दछु सबै
तिम्रा ती विचारका पानाहरू
र बुझ्दछु तिम्रा ती आँखाका भाखाहरू
फरक यत्ति हो,
म पचाउँछु, तर तिमीलाई पखाला लाग्छ ।

ए ! दिगम्बर आँखा हो,
जवान घामलाई कहिल्यै नहेर्नू
पोल्छ तिमीलाई नै

*घाम अविश्रान्त भएर हिँड्दा*
*ऊ कहिल्यै गन्दैन आफ्ना पाइलाहरू*
*र उसले कहिल्यै नाप्दैन मिटरले*
*आफूले नाघेका ती देशान्तरहरू*
*उमेर पुगेर ढलेका बुढा रुखहरूझैँ*
*ढल्दैन कहिल्यै ऊ बेहोसीमा ।*

*फरक यत्ति हो,*
*तिमी जल्छौ*
*म बल्छु*
*यत्ति बुझेपछि तिमीले बुझ्नू कि,*
*जल्ने घामलाई कहिल्यै पोल्दैन*
*मूर्तिझैँ ऊ कहिल्यै बोल्दैन ।*

*यत्ति बुझ्नू,*
*घाम निद्राबाट ब्युँझिँदा,*
*सुमनहरू मुस्कराइरहेका हुनेछन्*
*तर, तिमीलाई भतभती पोल्ने छ ।*

## चातक जिन्दगीको कहानी

एक डाडु आगो पैँचो लिएर
उमाल्नु छ मलाई एक भाँडो सिस्नो र पानी
कुलेखानी सुक्छ कि भनेर पिउनु छ मलाई
बचाईबचाई एक आम्खोरा पानी
यही सम्झेर निदाइरहेछु,
सँधै मेलम्ची सिरानी लगाएर
ब्युँझिएपछि चित्त नबुझेरै हो,
यस्तै छ हामी खाल्टाबासीको जिन्दगानी
लेखूँ कि नलेखूँ भो,
ए कवि मित्रहरू हो ?
आफ्नै चातक जिन्दगीको कहानी ।

पानीको पनि आफ्नै आकार हुन्छ
जस्तो कि,
कर्णालीको आफ्नै आकार छ
समुद्रको पनि आफ्नै आकार छ

*मैले देखेको मेलम्चीको सपना*
*भन ए सरकार !*
*कहिले हुन्छ,*
*मेलम्चीको मेलम्चीजस्तै आकार ?*

*मसँग सोधिरहेथे एक हुल काकाहुलहरूले*
*हाम्रो पानी पिउने सपना कहिले साकार हुन्छ ?*

*ठोक सलामी ए मलामीहरू हो*

*मेरो देश दुखिरहेछ*
*तर, यहाँ लाखौँ मलामीहरूका भिडमा*
*सलामी ठोकिरहेछन् बर्दी लगाएर बेजान मुर्दाहरूलाई*
*ए मलामीहरूका भिडमा सलामी ठोक्ने बर्दीहरू हो !*
*आऊ,*
*मलाई बुटैबुटले ठोक*
*हो, मलाई बुटैबुटले ठोक्नैपर्छ*
*मैले ठुलै गल्ती गरेको छु*
*मैले देशलाई ढाकरमा बोकेर हिँड्नुहुँदैन थियो*
*हो, म बोक्छु देशलाई मुटुमा*
*छातीमा बोक्छु*
*शिरमा बोक्छु*
*जब बोक्छु आँखामा देशलाई*
*तब बग्छ देशसँगै कर्णालीझैँ आँखा ।*

*ठोक सलामी*
*अझैँ ठोक*
*मुटु/कलेजा च्यात्ने ब्वाँसाहरूलाई*
*जिउँदो हुँदा पनि ठोक सलामी*
*मरेपछि पनि ठोक सलामी*
*पड्काऊ तोप सपनाको देहावसान हुने गरी*
*चलाऊ बुल्डोजर*
*भर्खरै जन्मिएका शिशु विचारहरूमाथि*
*तर, देशको छातीमाथि बसेर बिस्ठ्याउनेहरूलाई*

*ठोक सलामी*
*जिउँदो हुँदा पनि ठोक सलामी*
*ए मलामीहरू हो !*
*मरेपछि पनि ठोक सलामी*
*एकदिन देशै बिक्री हुनेछ*
*यिनैका हातबाट ठुला ठेकेदारहरूका हातमा*
*हो, त्यसै दिन*
*आर्यघाट पनि स्वतः बिक्री हुनेछ*
*ए मलामीहरू हो !*
*फेरि कुन घाटको चितामा सुताएर सलामी ठोक्छौ ?*
*ए बर्दी लगाउनेहरू हो !*
*ठोक सलामी*
*जिउँदो हुँदा पनि ठोक सलामी*
*मरेपछि पनि ठोक सलामी*
*आफ्नै देशका समृद्धिका रुखहरू ढाल्नेहरूलाई ।*

*ए मलामीहरू हो !*
*मलाई जबाफ चाहियो*
*ए सलामी ठोक्ने बर्दीहरू हो !*
*मलाई जबाफ चाहियो*
*आजै*
*अहिल्यै*
*यतिखेरै*
*मलाई जबाफ चाहियो ।*

## एउटा रुख

हुन त तिमी
आफूलाई एउटा रुख नै हुँ भन्थ्यौ
तर,
तिमीलाई काटेर मेरो घरको धुरीको खाँबो
कहिल्यै तिमी हुनै सकेनौ
बरु,
सके मैले नै तिमीलाई टेका दिनुपर्छ ।

*भो,*
*पर्दैन देख्न सपना तिमीले*
*मेरो घरको धुरी खाँबो हुने*
*पहिला तिमी आफ्नै धराबाट*
*जन्मिएका हात्तीका जस्तै सुँडलाई*
*साउनमा आउने पानी र हुरी थामेर देखाऊ*
*बल्ल, मेरा घरको धुरी खाँबो हुने सपना देख्नू*
*भो,*
*पर्दैन देख्न सपना तिमीले*
*मेरो घरको धुरी खाँबो हुने ।*

## *तिमी आफूले आफैलाई खायौ*

*भोको म पनि छु*
*भोको तिमी पनि छौ*
*म अघाउन त्यसलाई खान्छु*
*जसलाई मजस्ता अरू थुप्रैले खान्छन्*
*तर, पनि उनीहरू मर्दैनन् ।*

*फरक यत्ति हो,*
*तिमी अघाउन मलाई खान्छौ*
*एकछिन अघाउँछौ र फेरि भोकाउँछौ*
*फेरि अर्कोलाई खान्छौ*

अघाउँछौ फेरि भोकाउँछौ
थाहा छैन मलाई,
तिमी आफ्ना भोकहरू मेटाउन ककसलाई खान्छौ ?
कहिले उसलाई अघि सार्छौ
कहिले आफै अघि सर्छौ
जतिजति अघि सर्छौ उतिउति पछि पनि सर्छौ
अघि पनि सर्छौ
पछि पनि सर्छौ
गर्नु गर्छौ
केके गर्छौ
जेजे गर्छौ
सबै आफ्नै भोकको लागि गर्छौ ।

मृग खायौ
कस्तूरी खायौ
कहिले उत्तर धायौ
कहिले दक्षिण धायौ
धाउनु धायौ
टिनका छानाहरू भत्काएर सालिम्बोले छायौ
ओछ्याएर निद्रा बिछ्याउनामा आफू अघाएर
आफैले हजारौँका भोकहरूमा आगो लाउनु लायौ
बैँसी खायौ
टार खायौ
हार खायौ

*प्रहार खायौ*
*थप्पड खायौ*
*जुत्ता खायौ*
*केके खायौखायौ*
*खानुसम्म खायौ ।*

*पूर्व खायौ*
*पश्चिम खायौ*
*सपना खायौ*
*समृद्धि खायौ*
*सत्र हजार खायौ*
*आफ्नै स्वाभिमान खायौ ।*

*भन न आफ्नै सम्झेर मलाई*
*तिमीले अरू केके खायौ ?*
*साँच्चै भनूँ !*
*तिमी आफूले आफैलाई खायौ ।*

## दम्भ

*निद्रा सिरानीबाटै चोरझैँ भागेपछि*
*उद्यान घुम्ने जिजिविषा जागेपछि*
*अमलझैँ तलतल लागेपछि*
*दाम्लो काटेर उन्मादहरू नैतिकताका सीमा नाघेपछि*
*उ त्यो परको कालो पहाडमा*
*साँढेझैँ ठिङ्ग उभिएर,*
*डुक्रिँदै पछाडिको दायाँ खुट्टाले उधिन्दा*
*धुलाम्मे बनेपछिका,*
*भयावहको अँध्यारोमा ऊ आफै हराएपछि*
*बुझ्नू, के हुन्छ ?*

*मैले बुझेको यत्ति हो,*
*दम्भ परालको आगोजस्तै हो*
*बलेर सकिनेबित्तिकै निभ्छ*
*मैले बुझेको यत्ति हो ।*

## दाउराहरू

घरकै मियो खन्छौ
र घर ढलेपछि पछुताउँछौ
बाँचुन्जेल राता फलामले झैँ
डामी रहन्छौ आफ्नै हत्केलालाई
ट्युब पन्चर भएझैँ आफै पन्चर भएपछि
सँधैका लागि अस्ताउँछन् ।

जब आगो,
आगोसँगै जलेर विभूति भएपछि
बुझ्नू कि,
दाउराहरू बल्ल पछुताउँछन् ।

## सहिदका घाइते पाइतलाहरू

कोहोलोको
बिगुल फुकेर तिमी शान्त बसिरहेछौ
म कोकोहोलोको आगोमा,
शान्तिका प्रतीक बुद्ध खोजिरहेछु
ग्रेटर नेपालका दस्ताबेजहरूमा हराएका
आफ्नै लिपुलेक, लिम्पियाधुरा र कालापानी खोजिरहेछु
देशभित्र देशै हराएपछि,
म अहिले टुँडिखेलभित्र टुँडिखेल खोजिरहेछु
बालुवाटारभित्र बालुवाटार खोजिरहेछु ।

साँच्चै भनूँ !
बानेश्वरभित्रभित्रै व्यवस्थापिका नै हराएपछि
आफ्नै देशभित्र हराएका
सहिदका पाइतलाका ती राता डोबहरू खोजिरहेछु ।

## आततायीहरू

तिमी सारथि बनेर
रथ दौडाउन थालेदेखि नै हो

आततायीहरू बाँदरझैँ
यो हाँगाबाट त्यो हाँगामा छलाङ् मारिरहेछन्
ए सारथि !
भोभो, रथलाई विश्राम देऊ ।

रथलाई ग्यारेजमा लगेर देखाउनु छ मलाई
खोल्नु छ इन्जिन र फेर्नु छ कलपुर्जाहरू
खोज्नु छ मलाई
एउटा अब्बल कृष्णजस्तो सारथि
जसले सुरक्षित दौडाउन सकून् भरोसाको रथ
जसमा कलिला सपनाहरू निदाएका हऊन्
खोज्नु छ मलाई
एउटा धनुर्धारी वीर सूर्यवंशी अर्जुन
जसले रणभूमीमा रगताम्मे सहिदहरू चिनून्
सपनाहरू ब्युँझिनुअघि देहावसान होओस्
अर्जुनकै हातबाट द्रौपदी हरण गर्ने कौरवहरू
र धृतराष्ट्रका अन्धा कानुनहरू ।

ए सारथि !
भोभो, रथलाई विश्राम देऊ
तिमीले रथ दौडाउन थालेदेखि नै हो
आततायीहरू झन्झन् उम्रिँदै गए
ए सारथि !
भोभो, रथलाई विश्राम देऊ

फेर्नु छ मलाई अब्बल सारथि
र जन्माउनु छ मलाई एउटा कुन्तिपुत्र अर्जुन
ए सारथि !
भोभो, रथलाई विश्राम देऊ ।

## पहिला पानी हुन सिक

आगो पहिला बल्छ
त्यसपछि ऊ बिस्तारै जल्छ
भेटेसम्म उसले
सबै आफ्नै र आफैजस्तो बनाउँछ
नभेटे ऊ स्वयम् जलेर विभूति हुन्छ
फेरि पनि फुर्ती लाउँछ त्यही आगो र भन्छ
“म आगो हु, आगो”

उसलाई के थाहा ?
ऊ आगो हुनुपूर्व पानी थियो
पानी थियो र पो उसले जीवन पायो आगोको
त्यसैले, म भन्छु
ए आगो हो !
आगो हुनुभन्दा पहिला तिमी पानी हुन सिक ।

## पिँजडाभित्रको स्वतन्त्रता

आशाको थुन्सेसँग थिलथिलो जिन्दगी बोकेर
उक्लिरहेछन् लरखराउँदै मेरा एकजोर गोडाहरू
सुस्केरा हाल्दै तिर्खाएरै हो जिन्दगीले पिइरहेछ
एकजोर आँखाबाट बगेका ती गरिबीहरू ।

देश भत्काउँदा माटामा भेटिनु पर्थ्यो
सहिदका आहुतिका ती टाउकाहरू
सहिदका काटिएका ती हजारौँ हातहरू
आमाका एक चौथाइ अवयव चुँडिँदा
सुनिनु पर्थ्यो छातीमा अँगालेर रोइरहेका

*लिपुलेक, लिम्पियाधुरा र कालापानीका हाँक र क्रन्दनहरू*
*भेटिनु पर्थ्यो एउटा सत्यनिष्ठा हली*
*जसले अघाएका एकजोर गोरु नारेर जोतिरहेको हुन्थ्यो*
*तराई, पहाड र हिमालहरू ।*

*अझै भेटिनु पर्थ्यो*
*मजेत्रो च्यातिएझैँ च्यातिएका नेपाल आमाका सीमाहरू*
*दशरथ चन्द,*
*धर्मभक्त माथेमा,*
*र गङ्गालाल श्रेष्ठ र शुक्रराज शास्त्रीहरूसँगै*
*बेपत्ता पारिएका सहिदहरू*
*अझै खोजिनु पर्थ्यो*
*आफ्नै देशमा हराएका मदन भण्डारीहरू*
*लेखिनु पर्थ्यो राष्ट्रवादका कविताहरू*
*सहिदका रगतका कलमहरूले*
*गाइनु पर्थ्यो अझै जीवन शर्माका गीतहरू ।*

*तर अहँ,*
*व्युँझँदै छकोटी आँखाले देखेका सपनाहरूमा*
*पहिरो गए यसरी*
*जसरी ढले मेरा देशका भीमसेनस्तम्भ*
*त्यै पनि होचो भएन र ढलेन कहिल्यै*
*मेरो सगरमाथाको त्यो अग्लो स्वाभिमान*
*ननिभ्यो कहिल्यै मभित्र देशप्रेमको दियो*

*नहरायो कहिल्यै मभित्र देश सिउने सियो*
*अझै म बाँचिरहेछु यसरी*
*जसरी बाँचिरहेछन् निसास्सिएर*
*मुढाले थिचिएका पहेँला निरीह दुबोहरू ।*

*ए कानहरू हो !*
*किन सुन्दैन हैँ ?*
*चिहानबाट आएका सहिदका ती आवाजहरू*
*ए आँखाहरू हो !*
*किन देख्दैनौ हैँ ?*
*सहिदका छातीका आलो घाउबाट*
*बगेका रगतका अरुण र कर्णालीहरू*
*ए बरफहरू हो !*
*किन पोल्दैन हैँ तिमीहरूका छाती ?*
*मेरोझैँ स्वाभिमानको आगोले ?*
*उन्मुक्त नभएरै हो बहिरा पर्खालहरूमा*
*हिर्काइरहेछु म आक्रोशका हतौडाले*
*हिजो पनि रेटिएकै हुन् आवाज उठाउने घाँटीहरू*
*आज मेरा रेटिने पालो*
*तर, कहिल्यै रेटिने छैनन् मभित्रको देशप्रेम*
*हो,*
*निभाइने छ घाम झ्याप्पै म निभेपछि ।*

*साँच्चै भनूँ !*

आफ्नै देशमाथिको खुला आकाश पनि
मलाई पिँजडाजस्तै लाग्छ
पिँजडाभित्रको स्वतन्त्रता पनि के को स्वतन्त्रता हो र ?

## प्रदूषणका कुहिएका चल्लाहरू

जेठो दाइ आउँदा तिमीले कुचो लगायौ
कुचो होइन,
तिमीले दक्षिणको कीटाणु भित्र्यायौ
तिमीले नारा–उखान र हावाहुरीका भुँवरी चलायौ
भाच्यौ तिमीले पलाएका समृद्धिका पखेटाहरू पनि
तर अहँ, कहिल्यै रोपेनौ
तिमीले वातावरणको हरियो एउटै बिरुवा ।

केवल कुल्चियौ सहिदका सपनाहरू
अनि रोप्यौ भ्रमका विषालु ऐँसेलु काँडाहरू
र उमार्यौं तिमीले
तिखातिखा खिया लागेका काँटीहरू
जसले रोपिएर हजारौँ समृद्धिका पाइतलाहरू
रगताम्मे भएर छट्पटाइरहेछन्
जबसम्म बालुवाटार र सिङ्गोदरबारमा
भाले र पोथि मिलेर कोरल्छन् प्रदूषणका चल्लाहरू

*जबसम्म देशभक्तका बादल बर्सेर भिज्दैनन्*
*अवसान भएका ती बारीका डल्लाहरू*
*तबसम्म फेर्न सक्दैनन् सास आरामले फोक्सोबाट*
*ती डाँडाकाँडा/भिर/पाखा र पर्वतहरू*
*तराईका अग्राख/धुपी र सल्लाहरू ।*
*फेरि म कसरी फेर्न सक्छु ?*
*मेरो यो फोक्सोबाट शान्तिको त्यो तातो सास*
*जबसम्म,*
*बालुवारबाट बहिरहन्छन् मेरै फोक्सोको कुलेसो भएर*
*कुहिएका सिनुका दुर्गन्धहरू*
*फेरि म कसरी फेर्न सक्छु सास ?*

## *फेरि मलाई दिगम्बर हुनु छैन*

*लाज पिएर भित्रभित्रै कतिखेर बेहोसिएछु*
*ए लाज !*
*आऊ न तिमी अँगाल मलाई म होसमा हुँदै*
*किनकि, म बेहोसीपनदेखि डराइरहेछु ।*

*सम्भोगहरू तृप्त हुन चाहन्छन्*
*तिमीलाई पिएर सँधैसँधैका लागि अनिँदा भोकहरूमा*
*मलाई दिगम्बर हुनु छैन,*
*अभावका युद्धमा लाजै दाउमा राखेर*
*जित्नु छैन मलाई तिमीले जितेजस्तै गरी*
*एकजोर आँखाहरू वस्त्रभित्रबाटै*
*कामुकताका नङ्ग्राहरूले लाजहरू च्यातिरहेछन् ।*

*ए लाज !*
*आऊ न तिमी अँगाल मलाई*
*म होस् र हवासमा हुँदै*
*ए लाज !*
*आऊ र ढाकिदेऊ न मेरा सम्पूर्ण दिगम्बरहरू*
*थोरै सभ्यताको देसल्ला बनेर*
*ए विडम्बना !*
*कसलाई सुनाऊँ म आफ्ना कथा र व्यथा*
*यहाँ त,*

*लाजहरू नै लाजहरूलाई चिथोरिहेछन्*
*सहरहरू सबै दिगम्बर बनिरहेछन्*
*सभ्यता र संस्कृतिहरू सबै आत्महत्या गरिरहेछन् ।*

*ए लाज !*
*आऊ न छोपिदेऊ मेरा सम्पूर्ण दिगम्बरहरू*
*सभ्यताको खास्टो बनेर*
*अभाव र भोकहरूमा फेरि मलाई दिगम्बर हुनु छैन*
*सभ्यताकै दोसल्ला च्यातेर*
*कसरी म यौन व्यापारको बिगुल फुकूँ हँ ?*

## *बिग्रिएका जिन्दगीका बेहिसाब*

*जिन्दगी पाएर पनि*
*कताकता जिउनै नजान्याजस्तो*
*जलपात्रभित्र पीयूष रहेर पनि*

*कताकता अँजुली थापी पिउनै नजान्याजस्तो*
*जिन्दगी हरिया बाबियोझैँ लहराइरहँदा पनि*
*कताकता जिन्दगी आफैलाई बाट्न नजान्याजस्तो*
*फूलझैँ जिन्दगी फुलिरहँदा पनि*
*कताकता टिपेर डालीमा सजाउन नजान्याजस्तो*
*न नुनिलो,*
*न अमिलो*
*जिन्दगीमा कताकता केके नपुग्याजस्तोजस्तो ।*

*केके नजान्या नजान्याजस्तो*
*केके नमिल्या नमिल्याजस्तो*
*समुद्र आफैमा तिर्खाएर भौँतारिएका काकाकुलजस्तो*
*ओठ भएर पनि मुस्कुराउन नजान्याजस्तो*
*आफ्नै ईर्ष्याले आफै हाँस्न बिर्स्याजिस्तो*
*फूल भएर पनि फुल्नै नजान्याजस्तो*
*इन्द्रेणी भएर पनि रङ सापटी लिएजस्तो*
*जिन्दगी बुझ्ने मुस्कुराउने ताराहरूजस्तो*
*नबुझ्ने खोलिएका फुलहरूजस्तो*
*जानीजानी गरिएको भीमकाय भुलजस्तो*
*घाम ब्युँझिएर पनि झुल्किन बिर्सिएजस्तो*
*औँसीको रातहरूजस्तो*
*जिन्दगी चटकेले खेलाउने बाँदरको एक खेलजस्तो*
*बगी जाने साउने भेलजस्तो*
*माल बोक्ने माल बाहक रेलजस्तो*

*खुला आकाशमुनि जेलिएर रहेको एक जेलजस्तो*
*चुक र महका स्वादमा कताकता बेमेल भएजस्तो*
*कताकता केके नमिल्याजस्तो जस्तो ।*

*अझै भनूँ,*
*जस्तो भोगियो त्यस्तै त रहेछ जिन्दगी*
*साँच्चै भनूँ !*
*कताकता जोड र घटाउ नमिलेर*
*बिग्रिएको जिन्दगीको एक बेहिसाबजस्तो ।*

## ***जिन्दगीका परिभाषाहरू***

***ए ! तिता जिन्दगीका***
***चहर्याउँदा किताबका पानाहरू***
***पल्ट तिमी आफैआफै सबै एकेक गरी ।***

***नभत्क तिमी यसरी***
***जसरी भत्किन्छन् कमजोर किनाराहरूझैँ***

*कण्ठमा विषै भएर हो*
*विषका रापले छट्पटिएका*
*चातक गोमनहरूझैँ भट्किएका ए मनहरू हो*
*नभत्क तिमी ।*

*पल्ट तिमी प्रत्येक पानाहरू*
*जसरी पल्टिन्छन् एकेक गरी किताबका पानाहरू*
*र पोखिदेऊ वेदनाका आँसुका भेल बनेर ।*

*किनकि,*
*पढ्न चाहन्छु म नथाकुन्जेल*
*जिन्दगीका ती अतीतका ती पुराना पानाहरू*
*केवल तिमीलाई पढेर*
*कण्ठ गर्न चाहन्छु म जिन्दगीका परिभाषाहरू ।*

## *भन तिमीले देशलाई के दियौ ?*

*जे हुँ म*
*त्यो हुँ*
*जे होइन म*
*त्यो बिलकुलै होइनँ*
*जे देखिन्छु*
*त्यो म नहुन पनि सक्छु*
*जे देखिन्न ममा*
*त्यो म अवश्य हुन सक्छु ।*

*फरक यत्ति हो*
*भव्य महलभित्र बस्ने*
*चाँदोमा खोक्रो विभूति घस्ने*
*पशुपितका पुजारीले नै पशुपतिलाई छुरी धस्ने*
*सुनाउनु छैन मैले कसैलाई*
*आफ्ना कथा र व्यथा*
*मभित्र रुन्छु कि हाँस्छु पुजारीलाई के थाहा ?*

*देशलाई के दिएँ मैले*
*त्यो भन्नु छैन कसैलाई  मैले*
*देशले मलाई के दियो*
*त्यो सोद्धैनन् कसैले मसँग*
*देशले के माग्छ तिमीसँग त्यो थाहा छ मलाई*
*तर, देशलाई तिमी के दिन्छौ ?*
*त्यो जान्नु छ मलाई ।*

*तिमी जान्न र सोध्न चाहन्छौ मसँग ?*
*तिमीले देशलाई के दियौ भनेर ?*
*सुन्न सक्छौ भने सून*
*मैले देशलाई जेठो छोरो दिएँ शान्तिको लागि*
*सुन्न सक्छौ भने सून*
*मैले देशलाई*
*कान्छो छोरो पनि दिएँ समृद्धिको लागि*

*न उमारियो शान्ति*
*न पखालियो देशको मैलो अनुहार*
*केवल फेरे काँचुली नाराहरूले*
*कुपोषण उन्मुक्त भए सर्वहाराहरू*
*न ब्युँझियो देश*
*न त भेटिए नै मेरा हराएका छोराहरू ।*

*देशले दाग्यो मेरो छातीमा तातो गोली*
*मैले आफ्नो देह त्यागेँ*
*आत्मा बनी बादलमाथि भागेँ*
*सुन्न सक्छौ भने सून अझै*
*मैले देशलाई आफैलाई आहुति दिएँ*
*सोचेँ,*
*म सहिद भएपछि*
*मेरो देश उभिनेछ आफ्नै खुट्टामा*
*तर, मसँगै मेरो देश पनि सहिद भयो ।*

*मैले आफै र आफ्नै स्वाभिमान दिएँ*
*तिमी नै भन*
*तिमीले देशलाई के दियौ ?*
*सक्छौ भने,*
*मजस्तै एकफेर सहिद भएर देखाऊ ।*

## भोकाएका कुर्सी

अत्याचारका काला पर्दा चिरूँजस्तो लाग्छ
कस्तो छ त त्यो कुर्सी
विना अनुमतिको बाघदरबार छिरूँजस्तो लाग्छ ।

एकदिन छिरेँ हुत्याउँदै दमनका पर्खाललाई ठेल्दै
कस्तो छ त त्यो पवरको लस्सा हेर्न
मलाई कुतूहल भइरहेथ्यो
चुइङ्गमझैँ अनवरत कुर्सीमा टाँसिरहने
गएर यसो के टुसुक्क बसेको थिएँ
म पनि टाँसिएको टाँसिएँ नै भएँ त्यसै गरी
जसरी टाँसिरहेथे त्यहाँ तत्कालीन ।

कत्राकत्रा उड्डुसहरू रगत पिउन नपाएर
दाँत उघ्याएर बसिरहेका रहेछन्

*मलाई पनि चुस्नसम्म चुसे*
*सक्दो चपाएर मेरा विचारका हड्डीहरू*
*हेर्दाहेर्दै रित्तिएछु र बनेछु म पनि*
*तिनै उड्सकै तेह्र दिने अंशियार दाजुभाइ*
*हो,*
*त्यसरी नै मैले पनि चुस्न र चपाउन थालेँ*
*आफ्नै देशका*
*स्वाभिमानी मेरा यी बङ्गराहरूले ।*

*अग्रगामी सपनाका नारा त*
*अझै पनि सिङ्गोदरबारका चौरमा*
*ब्याडमिन्टन खेल्ने खेलाडीहरूका*
*एडिडासका जुत्ताले धुलो पारिरहेछन्*
*जसका दृश्य दरबारका अग्ला पर्खालहरूले*
*हर्के, बिर्खे, काले र डम्बरेहरूका*
*आँखामा रतन्धो लागेझैँ ड्याम्मै छेकिरहेथे ।*

*झुपडीका सपनाका तूलमा त अझै पनि*
*लेखिरहेछन्*
*लेखिँदैछन्*
*र लेखिरहेछन् अग्रगामीका नाराहरू*
*चोकचोक र गल्लीगल्लीमा जसरी हिजो लेखिएथे*
*भोलि पनि लेखिइरहनेछन्*
*भोकाएका बुढो कुर्सी अनि तिनमा लुकेर बसेका*

रगत चुस्न पल्केका उडुस र उपियाँहरूलाई
कुर्कुच्चाले विष्ठा निस्किने गरी नरगडेसम्म
हाकिम फेर्नुको कुनै विकल्प छैन साथी ।

## म उसलाई औधी माया गर्छु

म उसलाई सिधा पार्न खोज्छु
तर ऊ आफै बाङ्गिन्छे
म उसलाई नरम बनाएर तुङ्ग्याउन खोज्छु
तर, ऊ आफैलाई कर्याक्क भाँचिदिन्छे
म उसलाई ऐना सम्झी भित्तामा टाँस्छु
र आफ्नो मुहारमा
उसका खुसीहरू सिला खोजिरहन्छु
तर, ऊ तल झरी झर्याम्म फुटिदिन्छे ।

म कलम बनेर
उसको हृदयमा गीत बनी कोरिन चाहन्छु
तर ऊ च्यातिन चाहन्छे
कुलेखानीको बाँधझैँ
म उसलाई आँखामा जमाउन चाहन्छु
तर ऊ किन हो किन पोखिन चाहन्छे
उसको र मेरो अल्जेब्राको हिसाब

*कहिल्यै मिलेन*
*अहँ, मिल्दैमिलेन*
*म माइनस प्लस माइनस हुन्छ भन्छु*
*तर ऊ प्लस हुन्छ भनी जिद्दी गर्छे।*

*त्यसैले,*
*ऊसँग म जहिल्यै हारिदिन्छु*
*तर ऊ मेरो छातीका आलो घाउमाथि बसेर*
*खित्का छोडी हाँस्न चाहन्छे*
*म चुपचाप सहन्छु*
*किनकि,*
*म उसलाई औधी माया गर्छु।*

## भोकहरू देहावसान पिएर तृप्त छन्

बच्चाहरूलाइई ढुङ्गा पाकेपछि खानू भनेर
आस्था उनेर आँखामा बिछ्यापछि
जब निस्किन्छिन् जोहो गर्न एउटी दरिद्र आमा ।

घाम बास बसेपछि
जब फर्किन्छिन् ती आमा कोखेलोमा प्राण च्यापेर
बच्चाहरू निदाइरहेका हुन्छन्
जब जगाउँछिन् आामा आफ्ना बच्चाहरूलाई
तर गहिरो निद्राका जरा गाडेका बच्चाहरू
जाग्दैनन् कहिल्यै निद्राका सिरानीबाट
तब पोखिन्छन् ममता,
आमाको बीभत्स छताछुल्ल भएर ।

अब लाग्दैन भोक कहिल्यै ती भोकहरूलाई
किनकि,
भोकहरू देहावसान पिएर तृप्त भएका छन् ।

## म एउटा भोको पेट

ढुङ्गाजस्तै गह्रुङ्गो जिजीविषा

*आँखैआँखा परेका थुन्सेमा बोकी*
*सपनाजति कोखेले च्यापी*
*हिँडिरहेको म एउटा भोको पेट ।*

*म अघाउन चाहन्थेँ*
*पेटभरि ढिँडो र गुन्द्रुक खाएर*
*तर, त्यसो हुँदै भएन*
*जब पछाडि फर्की हेरेँ झिनो आशा चेपेर*
*भोकाएको म मात्रै होइन रहेछ*
*मेरो सिङ्गो देश नै पो रहेछ ।*

*अहो !*
*भोकहरूलाई नै भोकहरूले कुल्चिएर*
*बधाईका उन्मादहरू रमाइरहेछन्*
*बधाईका भोजनहरूले*
*मेरा भोकहरू कहिल्यै अघाएनन्*
*म त बिरामी देशलाई बोक्दाबोक्दा*
*बिसाउने ठाउँ नपाएको एउटा गरिब ढाक्रे ।*

*घामै छेल्नु थियो भने त*
*मेरै आमाको पसिनाले भिजेका*
*जीर्ण मजेत्रो नै काफी थियो नि*
*तिम्रो बलेँसीमा बसेर*
*मुसा रुझाइ रुझ्नु पर्थ्यो र मलाई ?*

*दुखिरहेको मेरो देशको दाहिने कोखेले*
*कसरी म निको पारूँ हुँ ?*
*ए समयहरू हो !*
*भनिदेऊ न कोही मलाई*
*दुखिरहेको मेरो देशको दाहिने कोखेले*
*कसरी म निको पारूँ हुँ ?*

## दसैँ

*दसैँ आयो*
*गयो*
*किन दसैँ, दशाजस्तै रोकिँदैन ?*
*कोही खुसी गोडिरहेछन् तर म भोक पालिरहेछु*
*थाहा पाएदेखि आफू गरिब छु*
*मजस्तै गरिब छ मेरो घर पनि*

*मजस्तै गरिब छन् मेरा वस्त्रहरू पनि*
*मजस्तै गरिब छन् मेरा मन र आत्माहरू ।*

*म कहिल्यै पूरा गर्न सक्दिनँ*
*मेरा दरिद्र जिब्रोका ती स्वादहरू*
*मजस्तै गरिब छन् मेरा एकजोर नयनहरू*
*हो, रुनुपर्छ गरिबहरू यसै गरी*
*धुनुपर्छ भोक र जिजीविषाहरू यसै गरी*
*अभाव र अपेक्षाका आँसुहरूले ।*

*ए दसैँ किन आउँदिनौँ तिमी मेरो घर ?*
*एक मुठी जमरा*
*अक्षता र आशीर्वादका खुसी बनेर*
*थाहा छ मलाई*
*गरिबको घर आउन लक्ष्मीलाई लाज लागेजस्तै*
*तिमीलाई पनि मेरो घर लाज लाग्दो हो*
*हो,*
*मेरो घरमा दशा मात्रै छन्*
*थाहा छ मलाई*
*दसैँ, खुसी र सुखका डालीहरूमा मात्रै फुल्दछ*
*उनीहरूसँगै भुल्दछ*
*र झुपडीका सबै बाटाहरू भुल्दछ ।*
*दसैँ आयो*
*गयो*

*किन दसैँ, दशाजस्तै रोकिँदैन ?*
*हेर न दसैँ तिमी अर्को साल*
*म तिमीलाई नै बन्धकी राखेर दसैँ मनाउँछु ।*

## *मलाई अघाउनु छ कविता पिएर*

*जब म अतीतको ऐनमा तिमीलाई देख्छु*
*अनायासै तप्किन्छ यादहरू मसी बनेर*
*अनि शब्दशब्दमा तिमीलाई नै लेख्छु*
*जब तिनै अतीतलाई कलम बनाएर ।*

*किन बिलाउँथ्यो र तिमी आफ्नै प्रतिविम्बबाट ?*
*के कहिले,*
*आकाशबाट ताराहरू छुट्टिएर बस्न सक्छन् र ?*
*जसरी बगिरह्यौ तिमी याद बनी आँखाबाट*
*आऊ अतीत तिमी एक विम्ब र प्रतीक बनेर*
*आऊ अतीत तिमी*

*असंख्य रूपक र अलङ्कार बनी*
*आऊ अतीत तिमी*
*मौनताको गगनमा उही जूनका आकार बनी*
*आऊ अतीत तिमी*
*शब्दशब्दमा इतिहासको एक महाकाव्य बनी*
*आऊ अतीत तिमी हातमा खुसीको दियो बाली*
*जुन दियोले तिमी मलाई*
*उज्यालोमा भन्दा अधिक अँध्यारोमा*
*पृष्ठपृष्ठ पल्टाई पढ्ने गर्थ्यौ*
*आज निरीह छन् सबै ती जीवनका पानाहरू*
*तिमीजस्तै प्रिय पाठक नभएर ।*

*पाठकै नभए पुस्तकको के अर्थ रह्यो र ?*
*जहाँ जीवनको बादल नै छैन*
*त्यहाँ, खोक्रो गगन हुनुको के अर्थ रह्यो र ?*
*मक्किएको टालोलाई सिउनुको के अर्थ रह्यो र ?*
*देहावसान अघाएर अवसानको बाटै बिर्सिएपछि*
*जिउनुको के अर्थ रह्यो र ?*

*आऊ अतीत तिमी एक विम्ब र प्रतीक बनी*
*आऊ अतीत तिमी एक महाकाव्य बनी*
*किनकि,*
*मलाई अघाउनु छ तिमीलाई कवितामा पिएर*
*मैले बिर्सिएको दिन उभिनू तिमी मेरै सामु*

गीत, गजल र कविता बनी ।

## मृत्यु आफै उम्रिन्छ

याद गर्नुहोस ए हजुर !
माथि फर्की थुकेर आकाशलाई निन्दा गर्दैमा
आकाश होचो हुँदैन
गिद्धलाई सिनोको लोभ देखाउँदैमा गिद्धहरू
आगोका रुखहरूमा आएर कहिल्यै बस्दैनन्
हजुरलाई क्रोध आउँदैमा मुड्कीले हिर्काउँदैमा
धरती तल कहिल्यै खस्दैन
ए हजुर !
काँडाहरू मास्न धरती नै उल्टाइदिए पनि
नछरी उम्रिने काँडाहरू कहिल्यै मासिँदैनन् ।

जस्तो कि,
जीवन उमार्न छनुपर्छ स्वस्थ बीजहरू
तर मृत्यु आफै उम्रिन्छन् ।

# भोकभन्दा ठुलो आशीर्वाद

मलाई आशीर्वाद थाप्नुथियो यसपालीको दसैँमा
मलाई थाहा छ
कोसेलीविना ओइलाएको अनुहार बनाई
झार्ने छ अमिलो आशीर्वाद मेरा यी हातमा
हो,
मैले बुझ्नु पर्नेछ
उसले दिएको आशीर्वाद होइन त्यो
गरिबमाथि थुकिएको निन्दा थियो त्यो
उसका आशीर्वाद पनि महङ्गा छन्
उसका लागि कोसेलीहरू पनि महङ्गा चाहिँन्छन् ।

यसपाली म सोचिरहेछु
मलाई आशीर्वाद थाप्न जानु छ
आफैलाई बेचेर भए तापनि जानु छ
ए ! गह्रुङ्गा आशीर्वाद थापेर फर्केका टीकारेहरू हो
भन्देऊ न कोही मलाई
मैले आफैलाई बेचेको दामले
एक डोको ब्ल्याक लेबल आउँछ कि आउँदैन ?
जमराले बुझिएका कानहरूले बेवास्ता गरे

*त्यही घडी मेरा एकजोर आँखा*
*कमिलाका ताँतीझैँ*
*एक हुल मानिसहरूमा गएर ठोक्किए*
*जो आफैलाई बेचेर एक छाक सामलहरू किनिरहेथे*
*हो,*
*मैले पनि त्यही गरेँ*
*आफैलाई बेची एक छाक भोक किनेँ।*

*बल्ल बुझेँ मैले*
*यहाँ त आफैलाई बेचेर भोकहरू किन्नुपर्दो रहेछ*
*आशीर्वादको नदी*
*गरिबको निधारहुँदै कहिल्यै नबग्दो रहेछ*
*साँच्चै भनूँ !*
*मेरो भोकभन्दा ठुलो*
*उसले दिने आशीर्वाद होइन पो रहेछ।*

## *सहिदहरू ब्युँझिनुपर्छ*

*एउटा गधा एक भारी शास्त्र बोकेर*
*हिँडिरहेछ ज्ञानको सहर खोज्न*
*अर्को एउटा*
*दृष्टिविहीन क्रान्तिकारी परिवर्तको नाउँमा*
*बम र बारुद बर्साइरहेछ कलिला फूलहरूमाथि*
*र चलाइरहेछ अफिमको बुल्डोजर*
*फक्रँदै गरेका कोपिलाहरूमाथि*
*र भन्छ नारैपिच्छे*
*"बुद्ध फेरि जन्मिनुपर्छ शान्तिका लागि ।"*

*गोठहरू सबै भत्काएर*
*हुर्काइरहेछन् बाघका डमरुहरू*
*आँगनमा चल्लालाई चारा छरेर*
*उडाइरहेछन् आकाशमा हिंसक चिल र बाजहरू*
*सहिदका सालिकहरू सबै चितामा होमेर*
*मनाइरहेछन् यहाँ सहिद दिवसहरू*
*फेरि भन्छन् उनीहरू नै नारैपिच्छे*
*"बुद्ध फेरि जन्मिनुपर्छ शान्तिका लागि ।"*

*म भन्छु,*
*केका लागि र कसका लागि*
*किन सार्नु हुँ आगोका पहाडहरूमा*
*फुलका कलिला बिरुवाहरू ?*

*किन खेल्नु हुँ रगतका आहालको त्यो खेल ?*
*जहाँ षड्यन्त्रका पासाहरू थापिन्छन्*
*फेरि पनि भन्छन् उनीहरू नै नारैपिच्छे*
*"बुद्ध फेरि जन्मिनुपर्छ शान्तिका लागि ।"*
*तर म भन्छु,*
*सहिदहरू ब्युँझिनुपर्छ फेरि चिहानको निद्राबाट*
*देशको उन्मुक्तिको लागि*
*र उर्लिनुपर्छ*
*जनसागर एकपल्ट फेरि देशको लागि ।*

## *यी पनि कविताजस्ता छन्*

*तर्कले तर्क काटेपछि बन्नुपर्छ एउटा खँदिलो दर्शन*
*जुन दर्शनमा कहीँ कतै रिक्तता नभएजस्तै*
*समुद्रमा कहीँ कतै खोक्रोपना नभएजस्तै*
*तर पनि खोइ कसरी ह्वेलमाछा अटाउँछन् ?*
*आकाशमा प्वाल नभएजस्तै*

*खोइ कसरी तारापुञ्ज अटाउँछन् ?*
*हो,*
*दर्शन भनेपछि त यस्तो पो हुनु*
*जसलाई काट्ने अरू कुनै तर्क नजन्मियोस् ।*

*जसले सूर्य बनायो*
*उसको व्याख्या पो व्याख्या*
*जसले समय बनायो*
*उसले गरेको व्याख्या पो व्याख्या*
*जसले जीवनका विभिन्न मार्गहरू बनायो*
*तर मुक्तिको एउटै मार्ग बनायो*
*निद्रा एउटै बनायो*
*जान्ने भएपछि त ऊजस्तो पो जान्ने हुनु*
*म त के जान्ने हुँ र ?*
*जान्ने त ऊ पो जान्ने*
*जसले सबैका लागि एउटै नियति बनायो*
*उसलाई के थाहा ?*
*खाएपछि उसकै वशमा छैन भन्ने ?*

*कविले एक मुठी घाम शब्दमा लेखेजस्तै*
*सत्य मुठीमा कहाँ कसिन्छ र ?*
*पहिला तिमी एक मुठी बालुवा कसेर हेर*
*कसियो भने मलाई चिठी लेख्नू*
*तिमी एक मुठी घामका कुरा गर्छौ*

पहिला तिमी एक मुठी आगो कसेर हेर
अनि पत्याउनेछु,
तिमी मृत्यु मुठीमा कस्न सक्ने छौ
उसका व्याख्या न मैले न तिमीले गरेजस्ता छन्
साँच्चै भनूँ !
यी पनि कविताजस्ता छन् ।

## स्वाभिमानी नेपाली

भोकहरू किन्नलाई
उत्कण्ठाहरूलाई बन्दकी राखेर जुन दिन म सहर छिरेँ हो,
ठिक त्यही दिनदेखि हो
मैले आफ्नै भोक आफ्नै जिजीविषा बोक्ने
नाम्लोले थाप्लोमा बोकिरहेछु ।

कालीमाटीका
व्यस्त सब्जीबजारमा म आफ्नो भोक किनिरहेछु
साहुका दसैँ र तिहार आफ्नै पिठ्युँमा बोकिरहेछु

*रगतका फाल्साहरूझैँ भोक र गरिबी खोकिरहेछु ।*

*मेरो आङ्मा लाग्ने त्यो घाम बिर्सिन्छु*
*आफैसँग निदाउने त्यो रात बिर्सिन्छु*
*आमा बिर्सिन्छु*
*बिर्सिन्छु बा पनि*
*बिर्सिन्छु भोकजस्तै भोकाउने मेरा निद्रा पनि*
*तर,*
*बिर्सिन्नँ म त्यो कहिल्यै नझुक्ने*
*मेरो देशको सगरमाथाको स्वाभिमान*
*फेरि सम्झिन्छु*
*खुइय गर्दै थकाइ मार्दा*
*भोकले मुर्छा परेका ती कहालीलाग्दा रातहरू*
*मान्छेले नै मान्छेलाई*
*निल्ने अजिङ्गरझैँ ती जातहरू*
*न्यायका भिक मागिरहँदा*
*काटिएका निरीह ती टाउका र हातहरू*
*भोकहरूमाथि उठेका ती क्रूर लातहरू*
*सपनाहरू यत्रतत्र छरेर*
*हुर्कन नपाउँदै हँसियाले काट्ने*
*ती निर्मम विश्वासघातहरू ।*

*भर्खरै उक्लिएको छु*
*भोकका भारीसँगै आफ्नै देश थाप्लोमा बोकेर*

*बाँच्नु छ मलाई आधा पेट खाएरै भए पनि*
*कहिल्यै नझुक्ने मेरो देश सगरमाथाको*
*स्वाभिमानझैँ एक स्वाभिमानी नेपाली भएर ।*

## *इजलास*

*ए कवि हो !*
*लौ न,*
*शीघ्र नै एउटा अदालत खोल्नुपर्यो*
*जहाँ,*
*प्रमाणपत्र बन्धकी राखेर*
*न्यायाधीसको जागिर खाइएको होस्*
*जहाँ,*
*इजलासहरूमा कविताहरूकै*
*अभियोगमाथि अभियोगकै पैरवीमाथि*
*पैरवी बहसकै बहस चलिरहून् ।*

## *जूनै रोपिदिन्छु*

*मेरी समायरा जून टिपिदे भन्छे*
*आज बादलहरूका घोडेजात्रामा*
*उडेको धुल्याम्मै धुलोले जूनै देखिनँ ।*

*पख समायरा !*
*भोलि गमलामा जूनै रोपिदिन्छु*
*फुलेपछि जति मन लाग्छ*
*त्यति नै टिपेर अँजुलीमा थाप्नू*
*अनि फुलेका सुन्दर जूनहरू*
*तिम्रो जूनजस्तै शिरमा सिउरिनू ।*

## सिमचना कसैका भगमा परेनन्

आकाश खसे
धर्ती धासिए
तुहिनाचलले अर्को तुहिनाचल थपे
भ्यागुताहरू हाँसे
ताराहरूले अंशबन्डा गरे
जून कसैका भागमा परेनन्
विचरो लाटो घाँस लाटो नै रह्यो ।

बादल आँखा छोपी रुँदैछ
जङ्गलमा आगोले आगो लाउँदैछ
घाम एक्लै त्यहाँ के गर्दैछ ?
बक्कुला चमेरो बन्यो
चमेरो बक्कुला बन्यो
सिमचना कसैका भगमा परेनन्
विचरो लाटो घाँस लाटो नै रह्यो ।

घले बाले जोगाएका गुराँसको फूलबारीमा
बाँदरहरू साँढे जुदाउँदैछन्
भैंसी चराउँदैछन्
एकहुल सुँगुर छाडेर सत्यनास पार्दैछन्

घाँस तड्पिइरहेछन्
विचरो लाटो घाँस लाटो नै रह्यो ।

सुन्दैछु,
बक्कुलो दिउँसो झुन्डिन थाल्यो
राति चारोको लागि उड्न थाल्यो
चमेरो दुई खुट्टामा उभिएर नारायणीमा
घडियालको बच्चालाई माछा सम्झी ठुङ्दैछ
विचरो लाटो घाँस लाटो नै रह्यो
सिमचना कसैका भागमा परेनन् ।

(ने.प्र.प्र. कविता अंक १२२/१२३ २०७८ चैत–२०७९ का.)

## छातीमा देश रोप्नुपर्थ्यो

जब रुँदै सेता हातहरूले ओखती होइन

*फोक्सोका कथाहरू लेख्छन्*
*जब कविहरू रगतमा अक्षर चोपेर*
*कविता होइन मुखबाट राँको ओकल्छन्*
*एकजोडी कलाकारहरू हाँस्न छाडी*
*भरोसाको अस्पतालमा बिस्कुनझैँ सुकाइएका*
*सेता लासहरू देखेर जब रङ्गमञ्चमै ढल्छन् ।*

*तब बुझ्नुपर्छ तिमीले,*
*"कठै ! मेरो देश आईसीयुमा छट्पटाइरहेछन्"*
*एक अँजुली रगत प्यालाजत्रै आँखाबाट उबाउँदै*
*जब सहिदहरू रुँदै भन्छन् –*
*"कोमामा गए हाम्रा भरोसा र विश्वासहरू*
*विभूति भएछन्,*
*हाम्रा सबै ती त्याग र वलिदानरहरू ।"*

*ओ साथी ! सुन्दैछौ तिमी ... ?*
*उदास छन् मेरा लेकका लाली गुराँसहरू*
*गाउन बिर्सिएका छन् ती कोइलीहरूले*
*आफ्नै देशका ती मौलिक सँस्कृतिहरू*
*बिर्सिएका छन्,*
*माउहरूले आफ्ना लाम्टो चुसाउन*
*आफ्नै काखका बचेराहरूलाई ।*

*ओ साथी ! सुन्दैछौ तिमी ... !*

टेक्न बिर्सिएका छन् ती कङ्गारूहरूले
आफ्नै घरका प्राङ्गण पनि
बिर्सिएका छन् बिहान ब्युँझाउन देशलाई
अचेल ती राता भालेहरूले पनि ।

ओ साथी ! सुन्दैछौ तिमी ... ?
उदास छन् ठिङ्ग उभिएका ती सालिकहरू
अलमलमा छन् अहिले सबै,
सहरका ती भोका फूटपाथहरू ।

ओ साथी ! भनन तिमी ।
कसलाई जोडूँ म ती अक्सिजनको नली ?
तड्पिरहेको मेरो बिरामी देशलाई कि;
अघाएर पागुर लगाउने वस्तुलाई ?
ओ साथी ! भनन तिमी
म कसलाई जोडूँ ती अक्सिजनको नली ?

भो साथी !
अब बिर्सिदेऊ देश बोक्न तिमी
एउटा काम
नबिर्सिकन अझै अवश्य गर्नू साथी !
देश बोक्नुभन्दा पहिले,
तिमी भोक बोक्ने भरिया हुन सिक्नू
जब पिठ्युँमा भोकको भारी

*तिमी बोक्न सक्छौ नि ?*

*म बुझ्छु कि; – २*
*त्यस दिन तिमी साँच्चै ! देश बोक्न सक्छौ – २*
*अझै एउटा काम अवश्य गर्नुपर्थ्यो साथी*
*प्रजातन्त्र उखेली गणतन्त्र रोप्नुभन्दा पहिले*
*तिमीले आफ्नो छातीमा देश रोप्नुपर्थ्यो ।*

## *अदालत जाने बाटो*

*स्वयम् भट्किरहेछन् ती आत्माहरू*
*समृद्धिका हुलाकी*
*कुन रथ चढेर दौडिरहेका होलान् भन्दै*
*प्यासी मनहरू चातकझैँ उडिरहेछन्*
*सम्भावनाले भरिएका कुवा खोज्दै ।*

*लाटोकोसेरोझैँ*
*लट्किरहेछ कोरोमा पङ्खा उधमुन्टे लाएर*
*शीतल खोज्न गएका थकालीबा*

*शीतल आफै*
*हत्केलाले आफ्नै छाती हम्केको देखेपछि*
*अभावले असामीलाई लत्याउदा*
*पाँच पसेरीलाई पनि*
*काजीले तमसुक लेखेपछि*
*तिर्खाएका बगरहरूलाई के अर्थ भयो र ?*
*ए हजुर !*
*तलतिर कोसी गण्डकी र त्रिशूली सुसाएको ।*

*लगलगी*
*कामिरहेका आँगनको मियो खाँबोले*
*जाडोमा सिरक नभेटेजस्तै*
*हजारौँ भोकहरू भोजन खोजिरहेछन्*
*तछाड मछाडका दौडहरूमा*
*कुर्सीहरूले हिराका महलहरू रोजेजस्तै*
*पुलमुनिका सयकडौँ अभावहरू*
*भोकको सिरानी हाली निदाइरहेछन् ।*

*थाहा छैन मलाई,*
*किन सम्पन्नताहरू आत्महत्या गरिहेछन् ?*
*हजारौँ निर्मलाहरू*
*बलात्कारी हिँड्ने बाटा कुरिरहेझैँ*
*सङ्ग्रालय हत्या काण्डपछि*
*निराश छन् मेरो सगरमाथा पनि ।*

साँच्चै भनूँ !
सर्वोच्च अदालतकै
मूलद्वारमै उभिएर सोधिरहेछन्
मेरा ती आदरणीय हजारौँ सहिदहरू –
"खोइ कहाँ छ अदालत जाने बाटो ?" भन्दै ।

## आदिम आगोका जुलुसहरू (पर्या कविता)

मुस्कुराइ रहेका सम्भावनाका
कलिला फूलहरूलाई आगोमा तिलाञ्जली दिएर
ऋतुराजले काँचुली फेर्नै लागेको बेला
बाह्रसिङ्गेझैँ रुखलाई
जरैदेखि सलाई कोरी धुनी बालेर
नौनीझैँ सुनलाई पगालेर
विश्वको नै सुन्दर पर्यावरणको कुन धरहरा
उभ्याउन खोजिरहेछौ हँ ?
ए ! आदिम आगोका जुलुसहरू हो ।

किन पग्लिरहेछन् अचेल
पाषाणका ती अग्लाअग्ला पहाडहरू ?

किन बग्न छाडे अचेल
जीवनका ती सङ्गला नदीहरू ?
के रोपेका थियौ र गमलामा
जो टिप्न खोजिरहेछौ क्षितिजका फूलहरू ?
के छरेका थियौ र आफ्नै करेसाबारीमा
जो काट्न खोजिरहेछौ वातावरणका फसल ?

ए ! आदिम आगोका जुलुसहरू हो
किन उखेलिरहेछौ धुपी र सल्लाहरू ?
किन फालिरहेछौ
वातवरणको उद्यानमा विषाक्त रकेटझैँ
ती आगोका डल्लाहरू ?
किन रोपिरहेछौ हँ ?
नीलगाईको
कोखामा निर्मम् ती तिखा भालाहरू ?
हिमनदीलाई पु
रेर कान्तिपुरको रङ्गिन फोहरले
किन मार्दैछौ हँ घाँटी दाबी
पकृतिका ती कलिला चल्लाहरू ?

म रित्तो कविताको झोला बोकेर
पर्या कविताको खोजीमा हिँडिरहेको बेला
बेवास्ताको ज्वालामुखीमा जलेर मरेका
हजारौँ पुतलीहरूसित कुरा गरिरहेको बेला

*ठिक त्यसै बखत हो*
*मुर्छा परी ढलेका*
*पीपलका ती रुखहरूले रुँदै सुनाइरहेथे*
*आफ्ना आदिम रक्तिम कथाहरू।*

*"ओ कवि ! भनिदेऊ –*
*"छरेर आगो हत्केलामा*
*लाग्दैन कहिल्यै पर्यवरणका हाँगाहरू*
*अझै भनिदिनू – घडियालको आँसुले*
*बग्दैन कहिल्यै पर्यावरणका सङ्ला ती नदीहरू ।"*

*"ओ कवि भनिदेऊ !*
*आफ्ना प्यालाजत्रै हत्केलामा राख अलिकति*
*आफ्नै पैतलाले कुल्चिएको स्वाभिमानको माटो*
*चुहाउनू त्यसमा अलिकति विवेकको पसिना*
*र छर्नू ती माटोमा पर्यावरणको बिउ*
*अनि हेर्नू,*
*कसरी पलाउनेछन् वातवरणका हाँगाहरूमा*
*समृद्धिका ती कलिला पालुवाहरू ?"*

*"ओ कवि ! साँच्चै भनूँ*
*बिर्सनेछन् त्यसदिन मेरो देशले*
*चैनले काट्न नपाएका कयौँ अनिदा रातहरू*
*ओ कवि !*

*लेख हाम्रा पीडाका कविताहरू*
*र सुनाइदिनू,*
*ती आदिम रक्तिम आगोका जुलुसहरूलाई*
*सम्झाइदिनू अझै*
*आफ्नै घरमा आगो फुकेर*
*पिरुकामा बसी*
*निदाएर धुनी कहिल्यै नताप्नू ।*

*घले कान्छा*

*पीरहरू सुकेर सन्ठी भएपछि*
*दिन र दुःखीहरूलाई सुकुवा लागेपछि*
*मध्यरातमा*
*हुट्टियाउँले कराउँदै घरको धुरी काटेपछि*
*मेरो एघार दसक काटेका हजुरबा*
*खोक्दै रामराम भन्दै तुलसीको मठमा*
*जमजमको पानी छम्कदै भन्नुहुन्थ्यो –*
*"नदुख्ने गरी जिब्रो तान्नू ।"*

*सकालै एकहुल मलामीहरूले*
*आफूभन्दा कान्छो घलेबालाई चारकाँध दिदै*
*दक्षिण ओरालीरहँदा*
*आकाशतिर फर्की हजुरबाले भन्नुहुन्थ्यो –*
*"उनले मेरो हिसाब गर्न बिर्सिएछन् कि क्या ?"*

*हो !*
*त्यही दिन हो*
*गोठको वस्तु फुकाएका थिए मेरो हजुरबाले*
*पुरानो हलो फेर्नु भनी*
*सिकाएका थिए मेरो हजुरबाले*
*आँगनमा चारो छरेका थिए भोका परेवालाई*
*सर्पलाई*
*आफ्नो बाटो हिँड्न दिनू भनी सिकाएका थिए*
*मानो भर्दा साँचेको एक मुठी चामल*

भोकहरूले आँगन टेक्दा
पोल्टोमा हालिदिनू भनी सिकाएका थिए ।

हो !
त्यही दिन हो
चाम्लिङ्का एक जोडी सेता परेवा सापटी लिई
आफ्नो दुई काँधमा राखी
घलेबाको मलामी गएका
श्रद्धाञ्जलीका फूलसँगै
काँधमा बसिरहेका एक जोडी सेता परेवालाई
हजुरबाले हातमा राखेर चुम्बन गर्दै
आकाशमा उडाउँदै भन्नुभयो –
"घले कान्छा तिम्लाई शान्ति छ शान्ति ।"

## दिगम्बर समयहरू

विना लगामका उन्मत्त घोडाझैँ
ए समयहरू हो !
किन दिगम्बरका पुतला बनिरहेछौ ?

*जस्तोकि;*
*गहुँ खेतको बिचमा ठिङ्ग उभ्याइएको*
*बेजान जुलुङ्गोजस्तो ।*

*के तिमीहरूलाई थाहा छैन र ?*
*दिगम्बर आफैमा एक लाज हुन्*
*दिगम्बर आफैमा एक अभिशाप हुन्*
*किन रहर गर्छौ हँ अश्लील त्यो अभिनय ?*
*पश्चिमी रङ्गमञ्चजस्तो*
*गगनका नग्न ताराहरूझैँ*
*किन चम्किदैनौँ हँ ?*
*ए समयहरू हो ! सभ्यताका वस्त्र ओढेर ।*

*यत्ति बुझ्नू;*
*गर्भबाट धर्तीमा आएको दिन हर्ष हुन्*
*सुहागरातको घुम्टो खुलेको दिन नव वर्ष हुन्*
*बाँकी त;*
*सभ्यताको परिभाषा कसैले सिक्नु छ भने*
*उसले मुर्दासँग सिक्नू*
*जसले आफ्नो दिगम्बर छोप्न कात्रोको याचना गर्नेगर्छ ।*

*अफसोच ! छ मलाई*
*ए दिगम्बर समयहरू हो !*
*तिमीहरूलाई के नामले सम्बोधन गरू हँ ?*

## *किन बुझ्दैन ऊ ?*

*जति कस्यो बालुवा*
*उति मुठीबाट फुस्किएझैँ*
*जिन्दगीको क्रुर समय पनि फुस्किरहेछ*
*आफै हिँड्दैगरेको बाटोमा*
*सहसा आफै हराउँदा पनि*
*उसले आफ्नो भाउ खोजिरहेछ ।*

*किन बुझ्दैन ऊ ?*
*कालिमाटीको तरकारी बजारमा*
*गोलभैँडाले आफ्नो भाउ कहिल्यै तोकेन*
*बजारले उचाल्यो उसलाई*

*पुनश्चः उसलाई बजारले नै थेचार्यो*
*अन्ततः*
*लगेर फाल्यो भकारोमा ।*

*यत्ति बुझ्नू;*
*भकारोमा मिल्काइएपछि*
*गोलभैँडा ऊ गोलभैँडा रहँदैन ।*

## *आधुनिक जल्लादहरू*

*ए साथी !*
*के तिमीलाई लाग्दैन ?*
*मानव बस्तीमा जता हेर्यो उतै*
*देखिन्छन् अचेल भूतै भूतका बजारहरू ।*

*साथी !*
*अचेल आर्यघाटमा*
*कहाँ भेटिन्छन् र मुर्दा पोल्ने*
*एक नम्बरी मलामीहरू ?*
*मुर्दाले मुर्दालाई नै*
*दिइरहेछन् सापटीका सलामीहरू*
*मुर्दा नक्कली*
*मलामी नक्कली*

मुर्दाले नै मुर्दा पोलिरहेछन्
आवाजहरू सबै मौन रहेर
बाँधेर पट्टी आँखामा मुर्दाहरू बोलिरहेछन् ।

ए साथी !
के तिमी देख्दैनौ बजारमा ?
गधाहरू अचेल गरुड पुराण पढाइरहेछन्
शिकारी बाजले चिलहरूलाई
कावा लाउन सिकाइरहेछन्
काटेर जिब्रो सभ्याताको
भोका ब्वाँसोहरूसँग
मृगहरू प्राणका भिख मागिरहेछन्
निदाएर मानव दिक्दारीको सिरानीमा
कुल्चिएर शिर सहिदका
हुँडारहरू भेडाका पाठा चराइरहेछन् ।

आऔँ साथी
हामी सबै जम्मा हऔँ
सम्म त्यो मैदानमा जहाँ सिरानीहरू
शान्तिको निद्रालाई पर्खिरहून्
सोच त !
के अस्तित्व रहन्थ्यो र साथी हो ?
आस्थाहरू भोकभोकै
देशको नक्सा अँगाली मरेको दिन ।

साँच्चै ! भनूँ साथी
प्रश्न गरेर हेर त मौन आकाशलाई
र विचार गर मनमनै कस्तो होला त्यो दिन ?
जहाँ हजारौँ जल्लादहरू
हिंसाको विरुद्ध फाँसी लागेको दिन ।

(शारदा मासिक, वर्ष १०, पूर्णाङ्क ११४, २०८० असोजमा प्रकाशित)

## स्वाभिमानको लालपुर्जा

विम्बराज खड्कालाई कुटेर
प्रतीक कोइरालालाई लुटेर
उपमालाई दिएर रूपक सापटी
रूपकलाई सिलौटामा पिसी बिगारेर उनको रूप
ढेब्रे ओठमाथि दलेर अलङ्कारको लिपिस्टिक ।

उभिएर जमिनमा
स्वैरकल्पनाको चिम्टाले टिपेर जून र ताराहरू
सेकिरहेछन् कविहरू सेकुवाझैँ कविता
अहम्का ती इँटाका राता भट्टीहरूमा ।

जहाँ व्यापारीहरू
स्वाभिमानको लालपुर्जा बानेश्वरको बजारमा
खरिदबिक्री गरिरहेछन् ।

## देश हराएको कथा

किन यस्तो हुन्छ अचेल साइला ?

*जून मुस्कुराउँदा ताराहरू डाहाले जल्छन्*
*किन ?*
*सकालै बिछ्यौनाबाट*
*घाम ब्युँझिएपछि जून उदास हुन्छिन्*
*बस्ती उठेर गएपछि*
*आँगनको मियो रुएको कसले देखेका छन् र ?*
*टालोझैँ मक्किँदै मन च्यातिएपछि*
*देश च्यातिएको कसले बुझेका छन् र ?*

*ए साइला !*
*सोधिदेऊ न तिम्रो मास्टरसँग*
*मेरो नागरिकता हराएको दिन*
*म नागरिक रहन्छु कि रहन्नँ ?*
*नेपालभित्रबाट नेपालै हराएपछि*
*म नेपाली रहन्छु कि रहन्नँ ?*
*ए साइला !*
*यत्ति बुझ्नू,*
*बस्ती उठेपछिको मियो रुनुको पीडा*
*र देशै हराएपछिको कथा म कसैलाई सोद्धिनँ*
*म स्वयम् लेख्नेछु*
*मेरो देश हराएको कथा ।*

*भन्दिनू,*
*साइला तिम्रो मास्टरलाई*

*म स्वयम् लेख्नेछु*
*मेरो देश हराएको कथा ।*

## *विद्रोहको धूमकेतु*

*ताम्र त*
*मलाई अभावको घुम्टोभित्र*
*विद्रोहको आगो ताप्नु थियो*
*तर अफसोच !*
*कुल्चिएर स्वाभिमानहहरू*
*च्यातेर छाती झिकेर मुटु आफ्नै देशको*
*बेचेर आफ्ना कानहरू उनको सुन्नु थियो ।*

*कर्ण बन्ने रहरमा होइन*

*कर्ण नै बनेर अभावका गोरेटाहरूमा*
*भोकहरूलाई आफ्नै दायाँ हातले*
*स्वादिला खिचडी बाँड्नु थियो*
*धरा बनेर फराकिलो हुनु थियो*
*देश उक्लिनुपर्ने त्यो ठाडो उकालो*
*त्यो ठाडो उकालोको चुच्चोमा उभिएका*
*सगरका छातीमा*
*रनभुल्लका त्रिवेणी तीन चक्कर मार्दै थिए ।*

*कतै बगर*
*कतै नदी*
*कतै सागर*
*लुगलुग काँप्दै*
*एक मुठी जीवनको*
*त्यो उज्यालोको खोजीमा बेपर्वाहा बग्दै*
*भत्किँदै*
*भत्काउँदै*
*भोकाउँदै सागरमा पुगेर*
*काँडे कुर्सीमा शान्त बस्नु थियो*
*कत्ति पनि नछट्पटाईकन ।*

*अफसोच !*
*ठोकियो मेरै शिरैमा*
*आएर विद्रोहको एउटा धूमकेतु*

*उभिएँ ठिङ्ग चेतनाका दुई खुट्टामा*
*बगेँ यसरी*
*दायाँबायाँ भत्काउँदै*
*र भत्किँदै समयको सुनामी बनेर ।*

*किनकि;*
*त्यस दिन मलाई कसैको सुन्नु थिएन*
*केवल सुनाउनु थियो मलाई*
*बहिराहरूलाई हजारौँ भोकका कथाहरू*
*खन्नु थियो उही परानै*
*सहिदले थाति राखेका ती पुरानै बाटाहरू*
*र हिँडाउनु थियो मलाई*
*मेरो आफ्नै देशलाई भरोसाका हात समाई ।*

## जून दुई टुक्रा हुनेछन्

हेरी राख्नू तिमी
अब जून दुई टुक्रा हुनेछन्
आधा जून दक्षिण खस्नेछ
आधा उत्तर
पूर्व र पश्चिम बेहोसीमै ढल्नेछन्
ताराहरू सबै बेस्कन रुनेछन् ।

जून टुक्रिएपछि घामलाई हृदयघात हुनेछ
अब हुनेछैन गोधुली साँझ
रात न बूढो हुनेछ न जवान
अब हुनेछैन गोधुलीसाँझ
हेरी राख्नू तिमी
अब जुन दुई टुक्रा हुनेछन् ।

## किन मान्नू म कसैलाई गुरु ?

भोकको शैयामा मृत्युको सिरक ओढेर
पुलमुनि बाँच्न सिकेको मान्छे हुँ म
अभावै अभावका वनहरूमा भौंतारिँदै
डाँफे र मुनालसँगै नाँच्न सिकेको मान्छे हुँ म
सोलुखुम्बुको त्यो ठाडो उकालो
एक भारी भोक बोकेर उक्लिँदैगर्दा
बाटाका जून र ताराहरूसँग
हाँस्न सिकेको मान्छे हुँ म
एक भारी सपना आफ्नै पाइतालाले कुल्चेर
एक मुठी मुस्कान साँच्न सिकेको मान्छे हुँ म ।

किन मान्नू म कसैलाई गुरु ?
खोइ म पढ्ने पाठशाला ?
र कहाँ छ मलाई पढाउने गुरु ?

जात पढाउने तिम्रो पाठशालामा
म कहिल्यै त्यहाँ अटाउन सकिनँ
मनुस्मृतिले कोरेका छुवाछूतको रेखा
मेरो लाचारीको डस्टरले कहिल्यै मेटाउन सकिनँ

छुवाछुत फुल्ने तिम्रा ती हाँगाहरूमा
खोइ ? देखाऊ न
कहाँ छ, फुलेको मेरो जातको फूल ?

तिमीले दिएको खाते सर्वनामले मलाई
जसले धरतीलाई बिछ्यौना
र एक अङ्गालो आकाश ओढ्न सिकायो ।

किन मान्नू म कसैलाई गुरु ?
खोइ, म पढ्ने पाठशाला ?

खोल्नु नै छ भने
मेटेर विद्रोहको डस्टरले जात
मानवताको पाठशाला खोल्नू
रोप्नु नै छ भने उखलेर मनुस्मृतिको जात
त्यहाँ एउटै जातको रुख रोप्नू ।

सबैभन्दा पहिले
उखलेर चारैतिर विभेदको रुख
त्यहाँ एउटै आकाश र पृथ्वी रोप्नू
जहाँ एउटै जातको फूल फुलून् ।

किन मान्नू म कसैलाई गुरु ?
जसले शिष्यका गुरु दक्षिणाबाट

*सहरमा विभेदका पाठशाला खोल्ने गर्छन् ।*

*(प्रहरी द्वैमासिक, असार–साउन – २०८० मा प्रकाशित)*

## *मेरो साँघुरो कोठा*

*बन्धनबाट बहर फुकेर स्वतन्त्र भएजस्तै*
*खुसीजति बन्द पिँजडाबाट चरीझैँ उडेजस्तै*
*दुःखाइजति सबै कुलो भई आँखैबाट बगेजस्तै*
*कसरी भनूँ म ? – २*
*मरुभूमिजति*

खोइ कसरी सिमसार बनिरहेछन् ?
ए ! भनन साथी
किन म अचेल
सगरमाथा पनि आफैभन्दा होचो देख्छु ?

किन उठ्छ फुरौलोजस्तै टुटुल्को मेरो शिरमा ?
अभावमा ठोकिँदा पनि
किन काँप्छ हँ यो धर्ती लगलग ?
गुलाफहरूले आत्महत्या गर्दा पनि
किन बढ्छन् हँ अघि ?
मेरा यी भोकका पैतालाहरू
अनायासै समय नै रोकिँदा पनि ।

के हुन्छ होला त्यो दिन ?
आकाशमा फुल्ने जून
आफ्नै खुट्टामा ठोकिएको दिन
आफैले रोपेका
सपनाहरूका मलामी आफै जानु परेपछि
के हुन्छ होला हँ साथी ?
आखैँमा उभिएको मेरो सगरमाथा
हिँड्दाहिँड्दै सहसा आँखाबाटै हराएपछि ।

ए ! भनन साथी
किन हुन्न हँ सुहागरात ?

*जून र घामको नयाँ बेहुला र बेहुलीजस्तै ?*
*सपनामा फूल टिपी डालीमा राखेजस्तै*
*कहाँ छ र सजिलो साथी ?*
*आलीमा उभिएर हातले आकाशको तारा टिप्न ?*

*साँच्चै भनूँ !*
*किन अचेल मलाई खुला आकाश पनि*
*मेरो साँघुरो कोठाजस्तै लाग्छ ?*

## *भोकका आयतनहरू*

*रोटीजत्रै घाम*
*मेरै शिरमाथि ठिङ्ग उभिएको देख्छु*
*तर किन ?*
*आम्खोरा लडेर भुइँमा पानी पोखिएझैँ*
*किन पोखिएको देख्दिनँ हूँ ?*
*मेरो यो आङ्मा एक मुठी जीवनको त्यो उज्यालो ।*

*बग्दाबग्दैकी नदी मरुभूमिले सिनित्तै निलेझैँ*
*देश उन्दैगर्दा धागोमा अरिङ्गालले चिलेझैँ*
*हिँड्दाहिँड्दैको बुढो घाम थाकेर बास बस्दा पनि*
*किन ठोकिन्नन् हूँ मेरा यी खुट्टामा ?*

*आफ्नै बाआमाका सिउन बाँकी रहेका*
*च्यातिएका ती पुराना सपनाहरू।*

*वर्षौं भयो – २*
*खोजिरहेछु म मान्छे हुनुको परिचय*
*र सहिदका टुसाएका ती सपनाहरू*
*सिइरहेछु अझै*
*च्यातिएको आफ्नै देशको पुरानो नक्सा*
*नापिरहेछु मिटरले*
*आफ्नै स्वाभिमानको त्यो अग्लो उचाइ*
*र सोधिरहेछु ती जुलुङ्गोहरूसँग*
*किन उमार्दैनौ हुँ तिमीहरू ?*
*स्वाभिमानको गमलामा,*
*एक मुठी सम्भावनाका ती घामका किरणहरू।*

*ए ! जुलुङ्गोहरू भनिदेऊ न कोही*
*दिनदिनै मेरो देश साँघुरिँदै गएझैँ*
*किन साँघुरिदैनन् हुँ ?*
*मेरा यी भोकका आयतनहरू ?*



पिता पूर्णबहादुर श्रेष्ठ र माता तेजमाया श्रेष्ठका माहिलो सन्तानका रूपमा बि. स. २०२८ भदौ १४ गते ईटाटार, महोत्तरीमा जन्मनुभएका राजबाबु श्रेष्ठ 'सागर' अत्यन्तै सरल, विनयी र सक्रिय साधक हुनुहुन्छ ।

गीत, गजल, मुक्तक, कविता मात्र होइन साहित्यका प्रायः सबै विधामा कलम चलाउनुहुने उहाँ साहित्य लेखनका साथसाथै अभिनय तथा 'प्रेम फैसला' नाटकको पाँच भागसम्म लेखन, अभिनय र निर्देशनसमेत गरेर आफ्नो प्रतिभा प्रस्तुत गर्नुभएका उहाँले २०५० सालमा 'घर एक नर्क' चलचित्रको स्क्रिप्ट लेख्नुभयो ।

त्यसै गरी उहाँले चलचित्र 'अटिजम' टेलिचलचित्र 'आवाज' र 'खाते'मा अभिनय गर्नुभएको छ । यसअघि उहाँको उपन्यास 'बन्द

फ्रेमभित्रको चिठी' र यसपछि मुक्तकसङ्ग्रह 'देशको चिनो' र गीतिसङ्ग्रह 'यादका बस्तीहरू' प्रकाशित छन् ।